प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ७२ | काठमाडौं | बुधवार, १९ असार २०८१ | Prabhab National Daily | Wednesday, July 03, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# इभीको आयातमा अर्बौं राजस्व छली




- बिक्रेताले १५० किलोवाटको गाडीलाई १०० किलोवाट देखाएर आयात गरेको अनुमान
- गाडीको क्षमता मापन गर्ने मोटर डाइनोमिटर नहुँदा समस्या
- चिनियाँ गाडी बिवाइडीको ठगीधन्दा मौलाइरहेको आशंकामा नेपालका लागि आधिकारिक बिक्रेता साइमेक्स इंकमाथि राजस्व अनुसन्धान विभागले छानबिन गर्दै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विद्युतीय गाडी (इभी)को क्षमता मापन गर्ने उपकरण देशमा नहुँदा त्यस्तो गाडी खरिद गर्ने कम्पनीहरूले राजस्व छली गर्ने गरेको पाइएको छ । कम्पनीहरूले बढी किलोवाटको गाडीलाई कम किलोवाट देखाएर आयात गरी कम राजस्व तिरेर छली गर्दै आएका हुन् ।

राजस्व अनुसन्धान विभागलेसमेत इभी गाडी आयात गर्ने बिक्रेताहरूले अर्बौं राजस्व छली गरेको आशंकामा नेपालको प्रमुख बिक्रेताको रूपमा रहेको साइमेक्स इंकका कारोबारसम्बन्धी सम्पूर्ण फाइल नियन्त्रणमा लिएर गम्भीर छानबिन गर्दै आइरहेको छ । भन्सार विभागले समेत यस विषयमा छानबिन गरिरहेको छ ।

सरकारकै विभागहरूले इभी गाडीको भन्सार प्रक्रियाका बारेमा छानबिन जारी राख्दा ती गाडीहरूको क्षमता मापन गर्ने यन्त्र नेपालमा नहुदा उनीहरूको छानबिन प्रक्रियालाई टुंगोमा पुऱ्याउन कठिन हुँदै गएको देखिन्छ । बिक्रेताले १५० किलोवाटको गाडीलाई १०० किलोवाट देखाएर आयात गरेको अनुमान गरिए पनि गाडीको क्षमता मापन गर्ने मोटर डाइनोमिटरको अभावमा वास्तविकता पत्ता लगाउन सकिएको छैन ।

यातायातका प्राविधिकहरूका अनुसार इभी गाडीको किलोवाट मापन गर्ने उपकरणको मूल्य पाँच करोड रूपैयाँमात्रै पर्छ । त्यस्तो उपकरण खरिद गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल, अर्थमन्त्री वर्षमान पुन तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले पहल गरे पनि सार्थकता पाउने अवस्था तत्काल छैन । इभी गाडीको क्षमता मापन गर्ने च्यासी डाइनोमोमिटर र मोटर डाइनोमोमिटर समयमा नै खरिद गर्न नसक्दा चिनियाँ गाडी बिवाइडीको ठगीधन्दा मौलाइरहेको छ ।

(क्रमशः पृष्ठ २ मा)

# कांग्रेस–एमाले सत्ता सहकार्यमा

- ओली प्रधानमन्त्री बन्दै
- मार्गप्रशस्त गर्न प्रधानमन्त्री दाहाललाई आग्रह

■ **जेबी योञ्जन**

**काठमाडौं–** गएको ३० फागुनमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कांग्रेस सभापति शेरबहादुर देउवालाई 'बसेर कुरा गरौं' भनेर सत्ता सहकार्यको सन्देश दिएका थिए । ठीक साढे तीन महिनापछि दुई नेता सत्ता सहकार्य गर्न राजी भएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिएको खण्डमा कांग्रेस-एमालेको सरकार तत्कालै गठन हुने छ । राजीनामा नदिए पनि अबको ३०औं दिनमा दुई दलीय सत्ता सहकार्यबाट एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्ने निश्चित छ । कारण, यी दुई दलसँग सरकार गठनका लागि सुविधाजनक बहुमत छ ।

यहीबीच एमालेले प्रधानमन्त्री दाहाललाई राजीनामा दिन २४ घण्टाको समयसीमा दिएको छ । मंगलबार बसेको पार्टीको सचिवालय बैठकमा बुधबार (आज) बेलुकीसम्म प्रधानमन्त्री दाहाललाई मार्गप्रशस्त गर्न समय दिनेगरी छलफल भएको उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए ।

दिएको समयसीमामा प्रधानमन्त्री दाहालले राजीनामा नदिए बिहीबार (भोलि) बिहान मन्त्रीहरूलाई फिर्ता बोलाएर समर्थन फिर्ता लिने निर्णय भएको उनले बताए । मन्त्रीहरूलाई फिर्ता बोलाएपछि बाँकी निर्णय कसरी गर्ने भन्नेबारे त्यतिबेलै शीर्ष नेताहरू बसेर छलफल हुने पनि उनले उल्लेख गरे । 'हामी बुधबार बेलुकीसम्म कुर्छौं । त्यतिबेलासम्म पनि उहाँ (प्रधानमन्त्री दाहाल)ले मार्गप्रशस्त गर्नुभएन भने हामी अन्य निर्णय लिन्छौं,' ज्ञवालीले भने ।

प्रधानमन्त्री दाहालले भने राजीनामा नदिने संकेत गरेका छन् । बरू, उनले एमालेले समर्थन फिर्ता लिए प्रतिनिधिसभामा विश्वासको मत लिने भएका छन् । दाहाललाई सोमबार मध्यराति एमाले र कांग्रेसबीच नयाँ सत्ता समीकरणमा सहमति भएपछि राजीनामा दिने कि संसद्बाट विश्वासको मत लिने भन्ने विकल्प छ । तर, मंगलबार बालुवाटारमा बसेको माओवादी केन्द्रको पदाधिकारी बैठकले राजीनामा नदिएर संसद्बाट विश्वासको मत लिने निर्णय गरेको माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले जानकारी दिए ।

'घटनाक्रम कसरी बढ्छ, त्यसैअनुसार सरकारले निर्णय लिने सहमति भएको छ । तर, पदाधिकारी बैठकले गरेको निर्णयचाहिँ राजीनामा नदिने, संसद् फेस गर्ने भन्ने छ,' उनले प्रभावसँग भने ।

माओवादी केन्द्रले संसद्को सबैभन्दा ठूलो दल कांग्रेस र दोस्रो ठूलो दल एमाले मिलेर सरकार बनाउने कुरा संवैधानिक नभएको पनि टिप्पणी गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)



## मधेस प्रदेशबाहेकमा सरकार बनाउन सहज

कांग्रेस-एमालेबीच हुने सहकार्यले संघसँगै प्रदेश सरकारहरू हेरफेर हुने भएका छन् । २७५ सदस्यीय प्रतिनिधिसभामा सरकार बनाउन १३८ सांसद आवश्यक हुन्छ । कांग्रेसका ८८ र एमालेका ७९ सांसद गरी १६७ जना छन् । यो सरकार गठनका लागि सुविधाजनक बहुमत हो । यस आधारमा कांग्रेस-एमालेबीच हुने सहकार्यले माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार ढल्ने निश्चित छ ।

(क्रमशः पृष्ठ २ मा)

## सातौंपटक सत्ता सहकार्य

कांग्रेस-एमालेबीच पहिलोपटक सत्ता सहकार्य हुन लागेको भने होइन । यसअघि छ पटक दुई दलबीच सत्ता सहकार्य भएका छन् । यसको सिलसिला २०४७ सालदेखि सुरु भएको हो ।

२०४६ सालको जनआन्दोलनपछि २०४७ वैशाख पहिलो साता कांग्रेसका कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन हुँदा संयुक्त वाममोर्चामा आबद्ध दलहरू, दरबार र स्वतन्त्र बुद्धिजीवीहरू सहभागी थिए । त्यसबेला एमाले भन्ने दल गठन भइसकेको थिएन ।

(क्रमशः पृष्ठ २ मा)



हामी बुधबार बेलुकीसम्म कुर्छौं । त्यतिबेलासम्म पनि उहाँ (प्रधानमन्त्री दाहाल)ले मार्गप्रशस्त गर्नुभएन भने हामी अन्य निर्णय लिन्छौं ।

■ **प्रदीप ज्ञवाली**
**उपमहासचिव, नेकपा एमाले**



घटनाक्रम कसरी बढ्छ, त्यसैअनुसार सरकारले निर्णय लिने सहमति भएको छ । तर, पदाधिकारी बैठकले गरेको निर्णयचाहिँ राजीनामा नदिने, संसद् फेस गर्ने भन्ने छ ।

■ **हितराज पाण्डे**
**प्रमुख सचेतक, माओवादी केन्द्र**

**सन्दर्भः वैदेशिक रोजगार**

# नेपाली श्रमिकलाई इजरायल नपठाउन अभियन्ताहरूको अपिल

■ **प्रभाव संवाददाता**

काठमाडौं– अभियन्ताहरूले युद्धरत इजरायलमा जोखिम कायमै रहेकाले रोजगारीका लागि नेपालीहरूलाई नपठाउन अपिल गरेका छन् । युद्धरत अवस्थाको चित्रण गर्दै विभिन्न अधिकारवादी संस्था र व्यक्तिगतरूपमा सक्रिय अभियन्ताहरूले श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयलाई सम्बोधन गर्दै नेपाली श्रमिकहरूलाई रोजगारीका लागि इजरायल नपठाउन आग्रह गरेका हुन् ।

नेपाल ट्रेड युनियन महासंघ, नेपालिज फर प्यालेस्टाइन, टंकप्रसाद स्मृति प्रतिष्ठानसहित सातवटा संस्था र अदेखि ह अक्षरबाट नाम उठेका अभियन्ताहरूले एक अपिल जारी गर्दै मानवताका सबै मापदण्डहरू उलंघन गर्दै र संयुक्त राष्ट्रसंघको शान्ति प्रयत्नको अवहेलना गर्दै युद्धरत इजरायलमा रोजगारीका लागि नेपाली नागरिकलाई पठाएर उनीहरूको जीवनप्रति खेलबाड नगर्न नेपाल सरकार र श्रम मन्त्रालयलाई आग्रह गरिएको छ ।



श्रम मन्त्रालयले गत हप्ता इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर)का रूपमा नेपाली नागरिकलाई पठाउने निर्णय गर्दै प्रक्रिया अगाडि बढाएपछि अभियन्ताहरूबाट इजरायलमा श्रमिक पठाउन नहुने अपिल सार्वजनिक भएको हो । सरकारले इजरायलमा केयर गिभरमा काम गर्न ८०० नेपालीलाई पठाउने निर्णय गर्दै आवेदन आह्वान गरिसकेको छ । यसै सन्दर्भमा अभियन्ताहरूले सरकारको उक्त निर्णय तत्काल रद्द गर्नसमेत माग गरेका छन् ।

उनीहरूले जारी गरेको अपिलमा श्रम मन्त्रालय र नेपाल सरकारलाई नेपाली नागरिकहरूको बाँच्न पाउने मौलिक हकबाट उनीहरूलाई वञ्चित नगर्न र मानवअधिकारको न्यूनतम प्रतिबद्धता पालना गर्न आग्रह गरिएको छ । वक्तव्यमार्फत अहिले दक्षिणमा हमास र उत्तरमा हिजबुल्लाह लडाकुसँग युद्धरत रहेको भन्दै त्यहाँका स्थानीयहरूलाई जीविकोपार्जनबाट वञ्चित गर्नका लागि हेरचाह गर्ने, कृषि मजदुर तथा विद्यार्थीका नाममा कृषि क्षेत्रमा खटाउनेगरी नेपालीहरूलाई लैजान खोजेको तथ्यमा ध्यान दिन आग्रह गरिएको छ । सन् २०२३ अक्टोबर ७ देखि नै प्यालेस्टाइनी मजदुरहरूलाई इजरायल प्रवेसमा रोक लगाइएको बताइएको छ ।

नेपालीहरूलाई इजरायलको श्रम आवश्यकता पूरा गर्न जोखिमयुक्त क्षेत्रमा खटाइने गरेको भन्दै उनीहरूलाई 'इजरायलमा पठाउनु भनेको इजरायलले गरेको नरसंहारमा नेपालको सहयोग/समर्थन रहेको हो ?' भनेर प्रश्नसमेत गरिएको छ । तसर्थ कामको बहानामा नेपालीहरूलाई जानाजान युद्ध क्षेत्रमा नधकेल्न अभियन्ताहरूको आग्रह छ । यसअघि इजरायलमा हमासको आक्रमणमा परी १० जना नेपालीले ज्यान गुमाएका थिए भने अझै एकजना बेपत्ता छन् । यद्यपि सरकारले इजरायलको सुरक्षित क्षेत्रमा काम गर्नेगरी नेपाली श्रमिकलाई पठाउने तयारीका साथ आवेदन माग गरिएको र युद्ध प्रभावित क्षेत्रमा नपर्ने गरी यसअघि पनि पठाइरहेको श्रम मन्त्रालयले जनाएको छ ।

# वैदेशिक रोजगार बिमाबाट पौने तीन अर्ब संकलन

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्षको ११ महिना अर्थात् जेठसम्म वैदेशिक रोजगार म्यादी जीवन बिमाबाट दुई अर्ब ८७ करोड रूपैयाँभन्दा बढी बिमा शुल्क संकलन भएको छ । बिमा प्राधिकरणले जारी गरेको तथ्यांकअनुसार उक्त अवधिमा १० वटा बिमा कम्पनीले वैदेशिक रोजगारीमा जाने नेपालीहरूबाट दुई अर्ब ८७ करोड ७७ लाख रूपैयाँ संकलन गरेका हुन् ।

वैदेशिक रोजगार म्यादी जीवन बिमा बजारमा तीन वटा कम्पनीको वर्चश्व देखिएको छ । जसमा सन नेपाल लाइफ, नेपाल लाइफ र आइएमई लाइफ रहेका छन् । यी कम्पनीले म्यादी जीवन बिमा बजारमा ५८ प्रतिशत हिस्सा ओगटेका छन् । सन नेपाल लाइफले मात्रै २६ प्रतिशत बजार ओगट्दै ७४ करोड ८० लाख रूपैयाँ बढीको म्यादी बिमालेख (पोलिसी) बिक्री गरेको छ । त्यस्तै नेपाल लाइफले ५८ करोड रूपैयाँ बराबरको बिमालेख बिक्री गरी २०.१६ प्रतिशत बजार हिस्सा लिएको छ । यसैगरी आइएमई लाइफले ३४ करोड रूपैयाँ बिमालेख बिक्री गर्दै ११.८२ प्रतिशत हिस्सा ओगटेको छ ।

वैदेशिक रोजगारीमा जानेहरूको अनिवार्य म्यादी जीवन बिमा गर्नुपर्ने व्यवस्थाका कारण बिमालेख बिक्रीबाट ठूलो रकम संकलन हुने गरेको छ । जसअन्तर्गत अन्य सातवटा बिमा कम्पनीले पनि राम्रै बिमा शुल्क संकलन गरेको प्राधिकरणको तथ्यांकले देखाएको छ । एशियन लाइफले २७ करोड ७० लाख, नेशनल लाइफले २५ करोड ४२ लाख, सूर्यज्योती लाइफले २२ करोड ३१ लाख, सानिमा रिलायन्स लाइफले १९ करोड २२ लाख, रिलायवल नेपाल लाइफले १६ करोड ९७ लाख, सिटिजन लाइफले नौ करोड १२ लाख र सबैभन्दा कम प्रभु महालक्ष्मी लाइफले १८ लाख रूपैयाँबराबरको बिमालेख बिक्री गरेका छन् ।



पृष्ठ १ बाट क्रमशः

## मधेस प्रदेशबाहेकमा...

यसबाहेक मधेस प्रदेशबाहेकका छ वटा प्रदेशमा यी दुई दलले सरकार बनाउने भएका छन् । मधेसबाहेकका प्रदेशमा सरकार गठन गर्न यी दुई दललाई निकै सहज छ । ओलीको गृहप्रदेशसमेत रहेको कोशीमा कांग्रेस र एमालेका ६९ जना सांसद छन् । ९३ सदस्यीय प्रदेशसभामा यो संख्या दुईतिहाइ बहुमतको हो । जहाँ एमालेका हिक्मतकुमार कार्की मुख्यमन्त्री छन् ।

मधेस प्रदेशमा भने कांग्रेस र एमालेले सरकार बनाउन माओवादी वा मधेसकेन्द्रित कुनै दलको साथ लिनुपर्ने छ । १०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार बनाउन ५४ सांसद चाहिन्छ । जहाँ एमालेसँग २५ र कांग्रेससँग २२ गरेर ४७ सांसद छन् । सरकार बनाउन सात जना सांसद संख्या पुग्दैन । यहाँ जनता समाजवादी पार्टी नेपालसँग १९, जनमत पार्टीसँग १३, लोकतान्त्रिक समाजवादी फोरम र माओवादी केन्द्रसँग नौ-नौ र एकीकृत समाजवादीसँग सात सांसद छन् । राप्रपा, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी नेपालको एक-एक सांसद छन् । यसले गर्दा मधेसमा सरकार गठन कांग्रेस-एमालेका लागि चुनौतीपूर्ण छ ।

यता ११० सदस्यीय बागमती प्रदेशमा सरकार बनाउन ५६ सांसद चाहिन्छ । नयाँ गठबन्धनमा रहेका दल कांग्रेसका ३७ र एमालेका २७ जोड्दा ६४ पुग्छ । यसले गर्दा सरकार गठन बागमतीमा सहज छ । कांग्रेस नेतृत्वको गण्डकी सरकारमा दुईतिहाइ बहुमत पुग्छ । ६० सदस्यीय संसद्मा कांग्रेसको २७ र एमालेको २२ गरी ४७ जना छन् । यसले गर्दा गण्डकीमा पनि सरकार गठन सहज देखिन्छ । उता लुम्बिनी प्रदेशमा पनि सरकार गठन गर्न सुविधाजनक बहुमतको स्थितिमा कांग्रेस-एमाले गठबन्धन रहेको छ ।

लुम्बिनी प्रदेशसभा ८७ सदस्यीय छ, जहाँ सरकार बनाउन ४४ सांसद आवश्यक पर्छ । नयाँ गठबन्धनका दलहरू एमालेका २९ र कांग्रेसको २७ जोड्दा ५६ पुग्छ । यस्तै, ४० सदस्यीय कर्णाली प्रदेशसभामा सरकार बनाउन २१ सांसद आवश्यक छ । नयाँ गठबन्धनसँग कांग्रेसका १४ र एमाले नौ गरेर २३ पुग्छ । जुन सरकार गठनका लागि स्पष्ट बहुमत हो । यस्तै, ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशमा सरकार बनाउन २७ आवश्यक पर्छ । नयाँ गठबन्धनसँग कांग्रेसका १९ र एमालेका १० सांसद गरेर २९ पुग्छ ।

■■■

## सातौंपटक सत्ता...

तर, पछि एमालेका नाममा एकीकृत भएका नेकपा माले र नेकपा मार्क्सवादीको प्रतिनिधित्व भने थियो । यसपछि ९ पुस २०५५ मा तत्कालीन कांग्रेसका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले एमालेसँग सत्ता सहकार्य गरेका थिए । १८ असोज २०५९ पछि देउवा प्रधानमन्त्री भएका बेला प्रतिगमन आधा सच्चियो भन्दै एमाले देउवा सरकारमा सहभागी भएको थियो । ११ वैशाख २०६३ मा जनआन्दोलन सफल भएपछि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित अन्तरिम सरकारमा पनि एमाले सहभागी थियो ।

■■■

## मधेस प्रदेशबाहेकमा...

यसबाहेक प्रधानसेनापति प्रकरणपछि २०६६ वैशाखमा प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिएपछि एमालेले कांग्रेससँग मिलेर सरकार गठन गरेको थियो । यी दुई दलबीच ३ असोज २०७२ मा संविधान जारी गरेको बेलामा पनि सत्ता सहकार्य भएको थियो ।

पदाधिकारी बैठकपछि प्रवक्ता एवं उपाध्यक्ष अग्निप्रसाद सापकोटाले कांग्रेस-एमाले मिलेर सरकार बनाउने कुरा अप्रत्याशित भएको बताए । दुई दलको सरकार बनाउने कुरा अग्रगमनतिरभन्दा पश्चगमनतिर जाने संकेत देखापरेको उनको भनाइ छ । 'देशका पहिलो र दोस्रो ठूलो पार्टी मिलेर सरकार बन्ने कुरा नै प्राकृतिकजस्तो लाग्दैन । संविधान संशोधनसम्मका कुरा छन् । संविधान संशोधनमा पनि समानुपातिकका कुरा छन्,' उनले भने, 'अग्रगमनतिरभन्दा पश्चगमनतिर जाने संकेत देखापरेको छ । यो बेठीक छ ।'

एमालेले भने प्रधानमन्त्री दाहाल अर्कै खेलमा लागेको र त्यो बेलैमा थाहा पाएर कांग्रेससँग सत्ता सहकार्यको समझदारी गरेको जनाएको छ । समझदारीअनुसार पहिलो चरणमै ओली डेढ वर्ष प्रधानमन्त्री हुने छन् । त्यसपछि बाँकी डेढ वर्ष कांग्रेस सभापति देउवा प्रधानमन्त्री हुने छन् । तर, स्मरणीय के छ भने २८ असार २०७८ मा संसद् विघटनसम्बन्धी मुद्दामा सर्वोच्च अदालतको परमादेशअनुसार प्रधानमन्त्रीबाट देउवाले नै ओलीलाई विस्थापित गरेका थिए । अब भने उनै ओलीलाई समर्थन गरेर देउवा र उनको दलले तेस्रोपटक प्रधानमन्त्री बनाउने भएका छन् ।

राजनीतिक विश्लेषकहरूका अनुसार एमाले र कांग्रेसको सहकार्य दाहालको राजनीतिक भविष्यकै लागि खतराको घण्टी हो । त्यसैले यसप्रति माओवादी रुष्ट छ । पदाधिकारी बैठकबाटै माओवादीले कांग्रेस-एमालेबीच हुने भएको सत्ता सहकार्यलाई राजनीतिकरूपमा प्रतिवाद गर्ने निर्णय गरेको छ । दुई दलबीचको सत्ता सहकार्यका लागि गरिएको समझदारीलाई राजनीतिक स्थिरता, समानुपातिक निर्वाचन प्रणाली संविधान संशोधन गरेर हटाउन र बलियो सरकार निर्माणका लागि औचित्यपूर्ण हुने भनेर प्रचार गरिएको छ । कांग्रेस-एमालेको सत्ता सहकार्यको कदमलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले स्वागत गरेका छन् ।

■■■

## इभीको आयातमा...

प्राविधिकहरूका अनुसार इभीको चक्कामा के कति पावर आएको छ भनेर नाप्न च्यासी डाइनोमोमिटर प्रयोग गरिन्छ भने गाडीको वास्तविक क्षमता मापन गर्न मोटर डाइनोमोमिटर प्रयोग गरिन्छ । ती मेसिनको मूल्य झण्डै पाँच करोड रूपैयाँ पर्छ । सरकारले पाँच करोडको मेसिन किन्न नसक्दा इभी गाडीबाट लिनुपर्ने झण्डै पाँच अर्ब रूपैयाँबराबरको राजस्व गुमाएको र अझै राजस्व गुमाउने क्रम जारी रहेको स्रोतको दाबी छ । विदेशमा भने सरकारी निकायले नै यस्ता गाडीको क्षमता नापेर सोहीअनुसार राजस्व लिने गरेको प्राविधिकहरूको भनाइ छ ।

# भ्रष्टाचार समाजको नियति बनेकामा सांसदहरू चिन्तित

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभा सदस्यहरूले भ्रष्टाचार नेपाली समाजको नियति बनेकामा चिन्ता व्यक्त गरेका छन् । संघीय संसद् सचिवालय मानव संसाधन विकास महाशाखाद्वारा मंगलबार यहाँ आयोजित 'नेपालमा भ्रष्टाचारसम्बन्धी कानुनी व्यवस्था : समस्या र सुझाव' कार्यक्रमका वक्ताले कानुन कार्यान्वयनको अवस्था, व्यावहारिकता र वर्तमानमा भइरहेका अभ्यासले कोही गम्भीर प्रकृतिका अनियमिततामा पनि उम्किने र कोही सामान्य त्रुटिका कारण जीवनभर अप्ठेरोमा परेका दृष्टान्त सुनाए । केही वक्ताले विद्यालय पाठ्यक्रमबाट नैतिक शिक्षा हटाइएपछि भ्रष्टाचार अझ मौलाएको बताए ।

सांसद रञ्जुकुमारी झाले कानुन निर्माणको जिम्मेवारीमा रहेका सांसद सदनमा अनुपस्थित हुनु पनि भ्रष्टाचारकै एउटा रूप भएको तर्क गरिन् । अर्का सांसद नारायणी शर्माले पहुँच र प्रभावका आधारमा मुद्दाको छिनोफानो हुने आम बुझाइ रहेको बताइन् ।

सांसद रणेन्द्र बराइलीले भ्रष्टाचारमा संलग्नमाथि भएका कारबाही र उन्मुक्तिको अवस्था विश्लेषण गर्दा यो वर्गीय, सत्तापक्ष र प्रतिपक्षमा विभाजित देखिएकाले राज्य सञ्चालकलाई प्रशिक्षण आवश्यक रहेको बताए । अर्का सांसद उर्मिला माझीले भ्रष्टाचार समाजको शत्रु भएकोले त्यसलाई घटाउन कठिन रहेको उल्लेख गरिन् ।

सांसद चन्द्रबहादुर विश्वकर्माले भ्रष्टाचार व्यक्तिको आचरणसँग सम्बन्धित भएकाले कानुनभन्दामाथि कोही छैन भन्ने संस्कार स्थापित गर्नुपर्नेमा जोड दिए । सांसद दीपा शर्माले देशमा भ्रष्टाचार मौलाएकामा चिन्ता व्यक्त गरिन् । सांसद किरण साहले राजनीतिक हस्तक्षेप र कानुन कार्यान्वयन गर्ने निकाय कमजोर हुँदा भ्रष्टाचार बढेको बताए ।

त्यस अवसरमा नेपाल ल क्याम्पसका सहप्राध्यापक बलरामप्रसाद राउतले दण्ड वा जरिवाना बढाउँदैमा भ्रष्टाचार घट्ने वा बढ्ने नभई भ्रष्टाचार नगर्ने मानसिकताको विकास गर्नेतर्फ समाज जागरुक हुनुपर्नेमा जोड दिए । संघीय संसद् सचिवालयका सचिव सुदर्शन खड्काले भ्रष्टाचार नियन्त्रणका लागि कानुनलाई समयानुकूल तुल्याउन जनप्रतिनिधिले कानुन निर्माणका बखत ध्यान दिनुपर्ने सुझाव दिए ।


**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Pigeon International Overseas Pvt. Ltd. (ई.प.नं. ३८४/०५९/०६०) काठमाडौंको साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २६** परिवर्तन गरी **काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. १०** काठमाडौंमा ठेगाना कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०३/१९ गते)

द्वारिका प्रसाद मिश्र/राम रतन कुमारीको नाति, ज्वाला प्रसाद मिश्र/उषा देवी मिश्रको छोरा, विभा कुमारीको पति महोत्तरी जिल्ला, पिपरा गा.वि.स वडा नं. ०७, (साविक: काठमाण्डौं उ.म.न.पा. वडा नं. ०२, टंगाल) बस्ने प्रविन मिश्र भुमिहारको मिति २०८०/१२/१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको मालिगाउँ शाखामा रहेको बचत खाता नं. १८८०११०९१९४००००३ र चल्ती खाता नं. १८८०११०९१९४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रिमतीले यस बैंकको शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय मालिगाउँ, काठमाडौंमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय मालिगाउँ, काठमाडौं फोन नं : ०१-४५४५४९५**

**नाम परिवर्तन सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०८१/०२/३१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**निउरा ट्रेडिङ्ग प्रा.लि.**) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"हिमालयन फेल्ट एण्ड काफ्ट प्रा.लि.(प्रा. लि. नं. ६६८०४)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८१/०३/१९ गते)

लक्ष्मी कान्त गौतमको नाति, नन्द प्रसाद गौतमको छोरा सरस्वती गौतमको पति ललितपुर जिल्ला, वाग्मती गा.पा. वडा नं. ०१ बस्ने बद्री प्रसाद गौतमको मिति २०८०/१२/२२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको सिपाघाट शाखामा रहेको चल्ती खाता नं.२४९०१६३०९२८००००२ मा मौज्दात रहेको रकम र ग्वार्को शाखामा रहेको बचत खाता नं.२४४०१६३०९२८००००१ भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय जितपुर, बारामा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय सिपाघाट फोन नं :०११-४२२०६६**

**गोदावरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बज्रबाराही , ललितपुर**
**बागमती प्रदेश**

**आर्थिक वर्ष २०८१/०८२ को लागि गोदावरी नगरपालिका क्षेत्र भित्रबाट उत्खनन्/संकलन हुने खानीजन्य पदार्थहरुको (प्राकृतिक श्रोत उपयोग, उत्खनन्, संकलन, निकासी एवं नगर पूर्वाधार उपयोग) आय शुल्क संकलन कार्य (ठेक्का नं : ०१/आन्तरिक आय /०८०/८१/RE)**

**बोलपत्र आह्वानको सार्वजनिक सूचना**

***दोश्रो पटक सूचना प्रकाशित मिति : २०८१/०३/१९***

यस गोदावरी नगरपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ को अवधिका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (घ) (६) र दफा ६२ (क) तथा अन्य प्रचलित कानून बमोजिम र वागमती प्रदेश सरकारको वार्षिक जारी हुने आर्थिक ऐनले निर्धारित गर्ने दस्तुर बमोजिम यस नगरपालिका क्षेत्रवाट उत्खनन्/संकलन हुने खानीजन्य पदार्थहरुको (प्राकृतिक श्रोत उपयोग, उत्खनन्, संकलन, निकासी एवं नगर पूर्वाधार उपयोग) आदि प्राकृतिक श्रोतहरुको आय शुल्क दस्तुर संकलन गर्ने गरि यस नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम यस नगरपालिका क्षेत्रबाट उत्खनन्/संकलन हुने खानीजन्य पदार्थहरुको (प्राकृतिक श्रोत उपयोग, उत्खनन्, संकलन, निकासी एवं नगर पूर्वाधार उपयोग) शुल्क दस्तुर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका इच्छुक निर्माण व्यवसायी, ठेकेदार तथा फर्महरुले बोलपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८१/०४/०२) भित्र तपसिलमा उल्लेखित यस नगरपालिकाको राजस्व बैक खातामा टेण्डर फाराम दस्तुर रकम जम्मा गरि खरिद गरी उल्लिखित आधारमा कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिमार्फत १६ औं दिन (मिति २०८१/०४/०३) भित्र १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । उक्त बोलपत्र विधुतिय माध्यम (E–Bidding E-Gp system) बाट समेत सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट **www.bolpatra.gov.np/egp/** मार्फत डाउनलोड गरि तपसिलमा उल्लेखित यस नगरपालिकाको राजस्व बैक खातामा टेण्डर फाराम दस्तुर रकम जम्मा गरि मिति २०८१/०४/०३ गते दिनको १२:०० बजेसम्म खरिद गर्न र बोलपत्र पेश गर्न सकिनेछ । दर्ता हुन आएका बोलपत्रहरू (E–Bidding समेत) १६ औं दिन (मिति २०८१/०४/०३) को १३:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा हुनेछ । बोलपत्रको साथमा तपसिलमा उल्लेखित विड बोन्ड रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारी भएको विड बोन्ड (Bid Security) बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट एक सय पचास (१५०) दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन । कबोल ठेक्का अंकमा मु.अ. कर समेत जोडेर मात्र कुल ठेक्का सम्झौता रकम हुनेछ । ठेक्का सम्झौता रकम सम्झौता गर्दाको बखत एकमुष्ट रकम वा तीन बराबर किस्ता गरि बुझाउन सकिने छ । तपसिलमा उल्लेखित ठेक्काका कर/दस्तुरका दररेट र न्युनतम कबोल अंक निर्धारण गरिएको छ र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेवसाइट **(www.godawarimunlalitpur.gov.np)** मा समेत टाँस गरिनेछ । बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकासँग सुरक्षित रहनेछ । नेपाल सरकार तथा बागमती प्रदेश सरकारबाट नदीजन्य प्रदार्थका विषयमा भएका निर्णय, निर्देशिका र शर्तहरु ठेकेदारले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ । अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ । साथै बोलपत्र पेश गर्दा बोलपत्रदाताहरुले आफ्नो कम्पनी रजिस्ट्रेशनको प्रमाणपत्र, आ.ब. ०७९/८० को कर चुक्ताको प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र व्यवसाय दर्ताको प्रमाणपत्र अनिबार्य पेश गर्नु पर्नेछ ।

**तपसिल :**

यस गोदावरी नगरपालिकाको नगर कार्यपालिकाको निर्णय बमोजिम तथा वागमती प्रदेश सरकारको वार्षिक जारी हुने आर्थिक ऐनमा व्यवस्था भए बमोजिम निर्धारण भएको दररेट अनुसार यस नगरपालिका क्षेत्रवाट उत्खनन्/संकलन हुने खानीजन्य पदार्थहरुको (प्राकृतिक श्रोत उपयोग, उत्खनन्, संकलन, निकासी एवं नगर पूर्वाधार उपयोग) शुल्क संकलन गर्नुपर्ने छ ।

१. खानीजन्य पदार्थ (ढुंगा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, स्लेट, खरीढुङ्गा तथा सिमेन्टलाई आबश्यक पर्ने कच्चा प्रर्दाथहरु) :- प्रति घनफिट रु.९.००/-(भ्याट बाहेक)

२. माटो :- प्रति घन फिट रु. ३.५०/- (भ्याट बाहेक)

| ठेक्का नं. | मालवस्तुको विवरण | न्यूनतम ठेक्का अङ्क रु. (मू.अ.कर बाहेक) | विड बोन्ड रकम रु. | टेण्डर फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०१/आन्तरिक आय /०८०/८१/RE) | आर्थिक वर्ष २०८१/०८२ को लागि गोदावरी नगरपालिका क्षेत्र भित्रबाट उत्खनन्/संकलन हुने खानीजन्य पदार्थहरुको (प्राकृतिक श्रोत उपयोग, उत्खनन्, संकलन, निकासी एवं नगर पूर्वाधार उपयोग) आय शुल्क संकलन कार्य | रु.२७,५०,००,०००/- (सत्ताइस करोड पचास लाख रुपैया मात्र) | १,५५,३७,५००/- | २०,०००/- | |

**बोलपत्र पाइने स्थान :** गोदावरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बज्रबाराही, ललितपुर

**थप जानकारीको लागि :** गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बज्रबाराही, ललितपुर, फोन नं. - ०१-५५७२५९२

**खाताको विवरण**

**राजस्व खाता नं.** : - 0412051497865006 **बैङ्क** : - NIC ASIA,Satdobato, Lalitpur.

**धरौटी खाता नं.** : - 4141497865524002 **बैङ्क** : - NIC ASIA,Satdobato, Lalitpur.

**प्रमुख प्रशासकिय अधिकृत**

# मौलिकतासहितको आधुनिक विकास गर्दै सूर्यविनायक

**भक्तपुर–** सूर्यविनायक नगरपालिकाले मौलिक र आधुनिकको मिश्रण (फचुजन) सहितको विकास गरिरहेको जनाएको छ । मंगलबार नगरपालिकाको विकास निर्माणसम्बन्धी प्रगतिबारे जानकारी दिन राष्ट्रिय सञ्चार केन्द्रले सूर्यविनायक नगरपालिकाको सहयोगमा आयोजना गरेको 'सूर्यविनायक नगरपालिकाको नमूना विकास अवलोकन तथा स्थलगत अन्तरक्रिया'मा आधुनिक र परम्परागत शैलीको फचुजनको रूपमा सहर निर्माण भएको जानकारी गराइयो ।

'एक वडा एक फल्चा' नारासहित नगरपालिकाले आफ्ना १० वटै वडामा ३० लाख बजेटमा पुरानो शैलीका फल्चा एवं चौतारो निर्माण गरेको सूर्यविनायककी उपप्रमुख सरिता तिम्सिना भट्टराईले बताइन् । नगरपालिकाले दिगो विकासका लागि २० वर्षे आवधिक योजना बनाएर अघि बढिरहेको बताउँदै उनले नगरपालिकामा हाल ११ मिटरका ४४ किलोमिटर बाटो रहेकामा २८ किलोमिटर कालोपत्र गरिसकेको, प्रायः सबै खोलामा पुलसमेत बनिसकेको जानकारी दिइन् ।

नगरपालिकाभित्रका सबै विद्यालय भौतिक पूर्वाधारयुक्त भएको, यसपटकको एसइईको नतिजामा सामुदायिक विद्यालयको ५६ प्रतिशत र निजी विद्यालयमा ९५ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएको उनको भनाइ छ । नगरपालिकाले 'उपप्रमुखसँग किशोरकिशोरी कार्यक्रम' मार्फत कक्षा ९ र १० का विद्यार्थीलाई आवश्यक तालिम दिएको, 'सिक्दै कमाउँदै' को अवधारणलाइ अगाडि बढाइएको उनले बताइन् ।

नगरपालिकाकाले एक घरधुरीको एक हजार रूपैयाँ तिरिदिएर हाल चार हजार ५०० घरधुरी स्वास्थ्य बिमामा आबद्ध गराएको र नगर अस्पतालमा बर्थिङ सेन्टर सञ्चालन गरिएको वडा नं २ का वडाध्यक्ष प्रदीप कार्कीले बताए । सूर्यविनायकको १ नम्बर वडास्थित कौशलटार-बालकोट-बिरुवा सडकको २.२ किलोमिटर सडक चालु आर्थिक वर्षमा कालोपत्र गरिएको वडाध्यक्ष सानुकाजी कायस्थले जानकारी दिए । चरखण्डी मन्दिरमा पनि नगरपालिकाको नीतिअनुसार फल्चा बनाइएको उनले बताए ।

पूर्वाधार विकासअन्तर्गत नगरपालिकाले विनियोजन गरेको एक करोड रूपैयाँ बजेटमा ४९ लाख रूपैयाँ थप गरेर पानीटयांकीदेखि गाम्चा जाने सडक कालोपत्र गरिएको वडाध्यक्ष लच्छुराम न्यौपानेले जानकारी दिए । नगरपालिकाका प्रवक्ता एवं वडा नं ७ का वडाध्यक्ष रवीन्द्र सापकोटाले संघीय सरकार र बागमती प्रदेश सरकारको अनुदानमा नगरपालिकाका विभिन्न नयाँ सडक निर्माण एवं बस्तीभित्र जाने सडक कालोपत्र, मौलिक संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले 'रणबम बस्नेत पाटी' निर्माण गरिएको र तामाङ बाहुल्यता भएको स्थानमा बुद्धको मूर्ति बनाएको बताए । सडक, स्वास्थ्य, शिक्षालगायतका पूर्वाधारको निर्माणसँगै नगरपालिकाले खानेपानीको पहुँच सबैमाझ पुर्‍याउने काम गरिरहेको छ । दिगो विकासको योजना २०१५-२०३० अन्तर्गत नेपालले लिएको ९९ प्रतिशत उपभोक्तामाझ खानेपानी पहुँच पुर्‍याउने लक्ष्य पूरा गर्न नगरपालिकाले मेलम्ची खानेपानी आयोजनासँग २० लाख लिटर पानी लिनेगरी सम्झौता गरेको जनाइएको छ । *रासस*

## राहदानी हरायो

मिति २०८१/०२/१३ गते गोंगबुदेखि चक्रपथसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **मनिस नेपाली**
राहदानी नं : **PA१७४८३६५**
ठेगानाः **काठमाडौं**
फोन नं : **९८५१०२४३९८**

# एकल महिला सुरक्षा कोषको रकम उपयोग गर्न माग

**काठमाडौं (प्रस)–** एकल महिलाको हित संरक्षण तथा प्रवर्द्धनका लागि स्थापना गरिएको 'एकल महिला सुरक्षा कोष'को रकम उपयोग गर्न सम्बन्धित महिला अधिकारकर्मीले माग गरेका छन् । राष्ट्रिय महिला आयोगले मंगलबार एकल महिलाको नीतिगत अधिकारका विषयमा गरेको छलफलमा अधिकारकर्मीले उक्त कोषको रकम उपयोग गर्न माग गरेका हुन् ।

आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीले एकल महिला सवाललाई आयोगको तर्फबाट कार्यान्वयन गर्न सिफारिस गर्ने बताइन् । साथै उनले आयोगले चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा एकल महिलासम्बन्धी कार्यक्रम गरेर अवस्था अनुगमन गरेको जानकारी दिइन् । 'यही आवाजलाई हामी सरकारसमक्ष पुर्‍याउनेमात्रै होइन, कार्यान्वयन गराउनसमेत जोड दिने छौं,' उनले भनिन् ।

राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य लीली थापाले एकल महिलाको संरक्षण गर्न बनाएको एकल महिला सुरक्षाकोष पाँच वर्षसम्म उपयोग नहुनुले मुलुकका सात प्रतिशत जनसंख्या भएका एकल महिलाले कठिनाइ भोगेको बताइन् । 'पाँच वर्षमा चार महिलामन्त्री परिवर्तन हुनुभयो, तर, कोषको उपयोग हुनसकेन,' उनले भनिन्, 'कोषमा छ करोड बजेट फ्रिज भएको छ, एकल महिलाले दुःख पाएका छन् ।' उनले महिला मन्त्रालयले कोषको उपयोगमा तुरुन्तै ध्यान दिनुपर्ने बताइन् ।

कार्यक्रममा कविता पाण्डेले एकल महिलाको अवस्थामाथि कार्यपत्र प्रस्तुत गरेकी थिइन् । उनले विश्वभरि एकल महिलाको अवस्था दयनीय रहेको तथ्य देखाउँदै नेपाली एकल महिलाको स्थिति दर्दनाक रहेको बताइन् । 'राज्यले एकल महिलाको न्यायका लागि राम्रा कानुन बनायो तर, कार्यान्वयन गराउन सकेन,' उनले भनिन्, 'बनेका कानुन र नीति तुरुन्तै लागू गर्न सरकारलाई दबाब दिन आवश्यक छ ।'

## कुमारी बैंक लिमिटेड काठमाडौंको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८१/०३/१९ गते प्रभाव दैनिक)

यस कुमाारी बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लिखित गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा) जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्न ७ दिने गोप्य शिलबन्दी बोलपत्रको सुचना प्रकाशित गरीएको छ । उक्त गैह्र बैंकिङ्ग सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुले देहायका शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिनहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, गीतानगर गा.बि.स./न.पा. वडा नं.४ क स्थित कित्ता नं. २२०७ को क्षेत्रफल ०-८-१०-०, (वि.क.धु.क)को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, गीतानगर गा.बि.स./न.पा. वडा नं.६ ख स्थित कित्ता नं. ११७१ को क्षेत्रफल ०-४-८.२५-०, (वि.क.धु.क) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
३. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, सिसवार गा.बि.स./न.पा. वडा नं. ५ क स्थित कित्ता नं. ३३८ को क्षेत्रफल ०-६-७-०, (वि.क.धु.क) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
४. कुमारी बैंक लिमिटेडको नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा दर्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, सिसवार गा.बि.स./न.पा. वडा नं. ५ घ स्थित कित्ता नं. ६८०, ६८३, ६७७, ६७४, ६७१ को क्षेत्रफल क्रमश ०-०-१४.५०-०, ०-०-३.७५-०, ०-०-१२-०, ०-०-११-०, ०-०-१८.७५-० (वि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औ दिन अर्थात मिति २०८१ असार २५ गते** सम्म कुमारी बैंक लि.को कन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम यस बैंक लि.को कन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु ५००/तिरी प्राप्त गर्न सकिने छ । सो बोलपत्रमा उल्लिखित शर्तहरु समेत यसै सूचनाकै अभिन्न अंग मानिने छ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको गैर बैंकिङ्ग सम्पत्ति के कति रकममा सकार गरि लिन चाहेको हो स्पष्ट रुपमा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र पेश गर्दा आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशतले हुन आउने रकम धरौटि बापत यस बैंकमा जम्मा गरि सोको भौचर, यस बैंकको नाममा खिचिएको बैंक गुड फर पेमेन्ट (Good For Payment) चेक बोलपत्रको साथमा संलग्न गरेको हुनु पर्ने छ । सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन साथै धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. उक्त घर/जग्गा व्यक्ति वा संस्था एक्लैले वा संयुक्त रुपमा पनि खरिद गर्न सक्ने गरि बोलपत्र पेश गर्न सकिने छ । व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. यो सूचना प्रकाशित भएको **मितिले ८ औ दिन अर्थात मिति २०८१ असार २६ गते ३:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहवर बैंकको कन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा सोको भोलिपल्ट अर्थात बैंक खुलेको दिन सोहि समय भित्र बोलपत्र बुझाउन/खोल्न सकिने छ ।
७. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५(पन्ध्र) दिन भित्र बोलकबोल गरेको धरौटी बाहेकको बांकी रकम रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ, अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
९. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबुल गर्नेलाई समेत बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने वा पुन: थप निगोशियसन गर्ने वा लिलाम प्रक्र्यानै रद्द गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
१०. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्न सम्बन्धित निकाय अड्डा आदिमा लाग्ने सबै प्रकारका कर, राजश्व, दस्तुर आदि सम्पूर्ण दाथित्व बोलपत्रदाताले व्यहोर्नु पर्नेछ ।
११. अन्य थप जानकारी चाहिएमा बैंकको कन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र खोलिने मिति २०८१ असार २६ गते बुधबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौं फोन नं. ०१-५३४६९९१


## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : **ALWALSHIN STAR HOSPITALITY SERVICES**

पुर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१८ | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 20 | 95 | 900 | ३२,४६० | क्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manager | 2 | 4 | 3000 | १०८,२०५ | | | | | | | |
| 3 | Waiter | 20 | 95 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**

पुर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१८ | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 65 | 900 | ३२,४६० | क्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Waiter | 0 | 62 | 1000 | ३६,०७० | | | | | | | |

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**

पुर्व स्वीकृति मिति २०७९/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१८ | LT. No. 271028 | चलानी नं. ६०१८६८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 20 | 900 | ३२,४६० | क्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | क्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Event Planner | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 3 | Follow Up Clerk | 10 | 40 | 1200 | ४२,७५० | | | | | | | |
| 4 | Manager | 0 | 3 | 3000 | १०८,२०५ | | | | | | | |
| 5 | Marketing Specialist | 5 | 30 | 1200 | ४२,७५० | | | | | | | |
| 6 | Waiter | 5 | 20 | 1000 | ३६,०७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २५ गते (9th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः नि:शुल्क**/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com


## मधेश प्रदेश सरकार
## शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा

### जनहितमा जारी सूचना

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं, उमेर नपुगी गरको विवाह सामाजिक र कानुनी अपराध हो, त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।
- बालबालिकालाई विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं, खाने तरिका र अनावश्यक वस्तुहरू डस्टबिनमा फाल्न सिकाऔं, अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं, अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं ।
- छोरा सरह छोरीलाई शिक्षा दिऔं । छोराछोरीलाई भेदभाव नगरौं ।
- दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।
- चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं । मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएको ले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं ।
- चाडपर्वको बेला सुरक्षित यात्रा गरौं । मादक मदार्थ सेवन नगरी सवारी साधन नचलाऔं । दुर्घटनाबाट आफूपनि बचौं र अरूलाई पनि बचाऔं ।
- चाडपर्वमा अनावश्यक खर्च नगरौं । मद्यमान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।
- चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रूपमा प्रयोग गरौं । हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
- फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पत्ति हो ।
- चाडपर्वको संरक्षण र सम्वर्द्धन गरौं । चाडपर्वमा फजुल खर्च नगरौं । हाम्रा सांस्कृतिक पर्वहरूको जर्गेना गरौं ।
- एक-अर्काको धर्म-संस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।
- एक-आपसमा भेद्भाव नगरौं, धार्किक-सांस्कृतिक सहिष्णुता कायम राखौं ।
- धार्मिक आस्था, विश्वास र संस्कृतिमाथि अनुचित प्रहार एवं धार्मिक विद्वेष फैलाउने नगरौं ।
- औद्योगिक प्रशिक्षाथी (Apprentice) ले पाउने सुविधाः
  (क) नि:शुल्क अध्ययनको अवसर ।
  (ख) यातायात खर्च बापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रू. १०० दरले उपलब्ध हुने ।
- औद्योगिक प्रशिक्षाथी तालीम (अप्रेन्टिशीप) अन्तर्गत प्रशिक्षाथीहरूले तालिम केन्द्र (३.५ महिना) र उद्योग व्यवसाय (१९.५ महिना) गरी दुवै स्थानमा सीप सिक्ने अवसर पाउनेछन् । सीप सिकौं, आत्मनिर्भर बनौं ।

## बटेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा, मधेश प्रदेश, नेपाल

### उद्योग तथा व्यवसायका लागि उपभोक्ताम हित संरक्षणमा जारी सूचना

- विक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# हल्ला होइन, काम गरौं

**वैदेशिक रोजगारीमा जाने श्रमिकलाई निःशुल्क अर्थात् फ्रि भिसा फ्रि टिकटमा पठाउने व्यवस्था लागू गरेको वर्षौं भइसक्यो । यो व्यवस्था मलेसिया र खाडी मुलुकहरूमा जाने कामदारका लागि लागू गरिएको हो । उनीहरूबाट म्यानपावर कम्पनीले सेवा शुल्कबापत १० हजार रूपैयाँमात्र लिन पाउने व्यवस्था गरिएको हो । तर, अधिकांश म्यानपावर कम्पनीले यो व्यवस्था लागू नगरिरहेको अवस्था छ ।**

**सरकारले पटक-पटक 'फ्रि भिसा फ्रि टिकट'को नीतिविपरीत कामदारसँग १० हजार रूपैयाँभन्दा बढी रकम नलिन भन्दै आए पनि व्यवहारमा त्यस्तो कार्यान्वयनमा आएको पाइँदैन । आज पनि युवाहरूले ७० हजार रूपैयाँदेखि डेढ-दुईलाखसम्म रकम म्यानपावर कम्पनीलाई बुझाएर विदेश गइरहेको तथ्य लुकेको छैन । सरकारलाई पनि यो जानकारी भएकै कुरा हो । तर, थाहा पाएर पनि बढी पैसा असुल्ने म्यानपावर कम्पनीमाथि कारबाही गर्न सकेको छैन ।**

**यहीबीच श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले म्यानपावर कम्पनीहरूले गैरबैंकिङ च्यानलबाट वार्षिक खर्बौं संकलन गरेको तथ्य प्राप्त भएको बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३२औं स्थापना दिवस तथा ३०औं वार्षिक साधारणसभाको सोमबार उद्घाटन गर्ने क्रममा मन्त्री अर्यालले यस्तो बताएका हुन् । उनका अनुसार म्यानपावर व्यवसायीले हरेक वर्ष दुई खर्ब एक अर्ब ६० करोड रूपैयाँ गैरबैंकिङ च्यानलबाट उठाउने गरेका छन् ।**

**मन्त्री अर्यालले प्रस्तुत गरेको यो तथ्यांक सम्भवतः सही नै हुनुपर्छ । किनकि अधिकांश म्यानपावर कम्पनीले कामदारसँग नियमविपरीत लिने रकमको लेखाजोखा राखिँदैन । कामदारलाई यस्तो रकम लिएको खुल्ने कुनै कागजात म्यानपावरले नदिने हुँदा त्यो पुष्टि गर्न कठिन छ । तर, गैरबैंकिङ च्यानलबाट ठूलो रकम कारोबार भइरहेको तथ्यलाई नकार्न सकिन्न ।**

**यहाँ गैरबैंकिङ च्यानलबाट यति धेरै रकम संकलन भइरहेको भन्दा पनि श्रममन्त्री अर्यालले भर्खरै यो विषय थाहा पाएजस्तो गर्नुचाहिँ आश्चर्यजनक छ । किनकि, मन्त्री अर्याललाई पनि यो विषय थाहा भएकै हो । यसर्थ मन्त्री अर्यालले भर्खरै थाहा पाएझैं गर्नु अचम्मको विषय हो । मन्त्री अर्यालले थाहा पाएर पनि आवश्यक 'एक्सन' नचाल्नु आश्चर्यको विषय हो । यद्यपि, मन्त्रीले रकम नै सार्वजनिक गरेपछि अब यसको नियन्त्रणमा कसरी मन्त्रालय बढ्छ, हेर्न बाँकी छ । म्यानपावर व्यवसायीहरूले १० हजार रूपैयाँ सेवा शुल्क लिएर कामदार पठाउन नसक्ने बताउँदै आएका छन् । यसले पनि भित्री रूपमा कामदारसँग रकम उठाउने गरेको तथ्य उजागर गर्छ । अब हल्लामात्र होइन श्रमिकको हितमा काम गरियोस् ।**

## मनन्योग्य

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ। यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन्। यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ। तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् । यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ। कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ । यस्तो दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन्, जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भनें यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं । क्रमशः

# युगान्तकारी परिवर्तनका नायक गिरिजाप्रसाद



■ डा. केदारनरसिंह केसी

> संवाद, सहमति र सहकार्यको माध्यमबाट राजनीतिक स्थायित्व कायम गरी राष्ट्रिय एकता, लोकतन्त्र र समृद्धिको दिशामा दृढतापूर्वक अघि बढ्नुपर्छ भन्ने उहाँको मान्यता अहिले पनि सबैको मार्गदर्शक बनेको छ । उहाँले आफ्नो जीवनकालभरि कालो झन्डा र विरोधको सामना गर्नु परे पनि मृत्युपर्यन्त उहाँले जति प्रशंसा र सम्मान प्राप्त गर्ने अवसर सायदै अरु व्यक्तिलाई प्राप्त भयो होला । आफूले हारे पनि मुलुकले जित्नुपर्छ भन्ने दर्शनबाट प्रेरित उहाँ आफ्नो विरोध गर्ने र कालो झन्डा देखाउने प्रवृत्तिलाई आफैंले लडेर प्राप्त गरेको प्रजातन्त्रको उपलब्धिका रुपमा लिनुहुन्थ्यो । राजतन्त्रविरुद्ध दलहरुले संयुक्त रुपमा लडेर संविधानसभाबाट संविधान बनाउने कार्य कोइरालाको योगदानबाट सम्भव भएको थियो ।


नेपालको लोकतान्त्रिक आन्दोलनका साहसी तथा कर्मयोगी नेता गिरिजाप्रसाद कोइरालाको राजनीतिक जीवन धेरै सन्दर्भ र घटनाले भरिएका छन् । वास्तवमा साहस र अठोटको पर्याय नै उहाँको राजनीतिक जीवन बनेको छ । नेता त्यो हो, जसले बाटो पहिल्याउँछ, पहिल्याएको बाटोमा आफैं हिँड्छ, आफू हिँडेको बाटोमा अरूलाई पनि हिडाउँछ । गिरिजाबाबुले पनि त्यसै गर्नुभयो । गिरिजाबाबुको जीवनमा संघर्षबाट पाएको चेतना र ज्ञान नै उहाँलाई अगाडिको बाटो देखाउने प्रकाशका रूपमा आएको प्रस्टै छ । निर्णय गर्न नडराउने उहाँको साहसपूर्ण स्वभाव सबैका निम्ति प्रेरणादायी बनेको छ।

राणाशासनको क्रूर अवस्थामा २१ वर्षे उमेरका गिरिजाबाबुबाट विराटनगरको ऐतिहासिक मजदुर हडतालको सफलतापूर्ण नेतृत्व गर्नु त्यो उमेरको कुनै पनि मानिसका लागि लरतरो काम थिएन । उहाँको नेतृत्वमा २००३ साल फागुन २१ गते एकतन्त्रीय राणा शासनको विरोधमा विराटनगर जुट मिलको आन्दोलन भएको थियो । नेपालको जनसंघर्षको इतिहासमा जनताले गरेको यो नै पहिलो ऐतिहासिक आन्दोलन पनि थियो । नेपालको इतिहासमा सबैभन्दा धेरै मानिस सहभागी भएको पहिलो र सबैभन्दा ठूलो मजदुर हडताल यही नै थियो । गिरिजाबाबुलाई सक्रिय र संघर्षशील राजनीतिमा प्रवेश गराएको पनि त्यही आन्दोलनले हो । त्यसको सफलता वा विजयले उहाँमा राजनीतिमा लाग्ने हौसला मिलेको देखिन्छ ।

गिरिजाबाबुले राजनीतिमा युगान्तकारी घटना गराउनुभएको छ । लोकतान्त्रिक आन्दोलनलाई गति दिने कार्यमा उहाँको अधिकांश उमेर बित्यो । उहाँ देशमा प्रजातन्त्र पुनःस्थापना भएपछि नेपालको पहिलो प्रधानमन्त्री हुनुभयो, २०१५ सालको आमनिर्वाचनको पनि गणना गर्दा बहुदलीय प्रजातन्त्रमा बिपीपछि दोस्रो निर्वाचित प्रधानमन्त्री बन्ने अवसर पनि उहाँलाई मिल्यो । २०४८ सालदेखि २०५१ सम्मको गिरिजाबाबुको प्रधानमन्त्रीत्वको कार्यकाल अत्यन्त सन्तोषजनक, सन्तुलन र मर्यादित रूपले अगाडि बढेकै हो । विकासका पूर्वाधारको सुरुआत पनि यही कार्यकालमा भएको हो । यस अवधिमा स्वास्थ्य, शिक्षा, सञ्चार, विद्युतीकरण, यातायातका क्षेत्रमा मुलुकले ठूलो फड्को मारेको विदितै छ ।

उहाँले राजनीतिलाई व्यक्तिगत स्वार्थका लागि कहिल्यै लिनुभएन । साँच्चै भनौं भने बिपी रहुञ्जेल उहाँ लोकतान्त्रिक संघर्षमा होमिनुबाहेक अरू कुनै जिम्मेवारीमा हुनुहुन्थेन । २०२५ सालदेखि २०३३ सालसम्म नेपाली कांग्रेसले आयोजना गरेको 'सशस्त्र कारबाही' हाँक्ने मुख्य 'कमान्डर' उहाँ नै हुनुहुन्थ्यो । उहाँमा धैर्यपूर्वक निर्णय गर्ने, आफ्नो निष्ठामा नझुक्ने, साहसी र इच्छाशक्ति भएको ऊर्जाशील गुण र विशेषता थियो । उहाँमा रहेका यस्ता असल गुण र विशेषतालाई अनुशरण गर्नसक्नु नै उहाँप्रतिका वास्तविक श्रद्धाञ्जलि हुने छ ।

जीवनको सात दशकभन्दा लामो समय लोकतान्त्रिक आन्दोलनमा निरन्तररूपले बिताउनु साधारण कुरा होइन । जेल, निर्वासन र अनेक संकटहरू बेहोर्दै देश र जनताका लागि आफूलाई समर्पण गरेर अनवरत उहाँ हिँडिरहनुभयो । पटक-पटक गरेर उहाँले १२ वर्षभन्दा बढी समय जेलमा बिताउनुभयो । राणा र शाह दुवै निरंकुशतालाई चुनौती दिँदै कहिल्यै झुक्नुभएन, बरु उहाँको साहस, स्वाभिमान र अडानका अगाडि कुनै पनि अतिवाद वा निरंकुशता झुक्न बाध्य भए । प्रजातन्त्रका सन्दर्भमा कसैसँग पनि सम्झौता नगर्ने र प्रतिनिधिसभाको पुनर्बहालीले मात्र राजनीतिक निकास दिनसक्छ भन्ने गिरिजाबाबुको अडानलाई २०६१ साल माघ १९ को राजा ज्ञानेन्द्रको कदमले पनि रोक्न सकेन । २०५९ साल असोज १८ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहले जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई



**सन्दर्भ : गिरिजाप्रसाद जन्म शताब्दी**

अपदस्थ गरी आफू अनुकूलका प्रधानमन्त्री नियुक्त गर्न थालेपछि राजतन्त्रप्रति जनताको आस्था घटेको थियो । त्यसपछि भएका आन्दोलनको नेतृत्व पनि गिरिजाप्रसाद कोइरालाले नै गर्नुभएको थियो । २०६१ साल माघ १९ मा दलमाथि प्रतिबन्ध लगाउँदै राजा ज्ञानेन्द्र आफैं मन्त्रिपरिषद् अध्यक्ष बनेपछि कोइरालाले सबै राजनीतिक दललाई एकै ठाउँमा ल्याएर पूर्ण लोकतन्त्रको स्थापनाका लागि आन्दोलनको नेतृत्व गर्नुभएको थियो । आखिर २०६३ साल वैशाख ११ गते बाध्य भएर राजा ज्ञानेन्द्र आन्दोलनरत सात दलको मार्गचित्रअनुरूप विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्न सहमत भएका थिए ।

पुनःस्थापित प्रतिनिधिसभाले २०६३ साल जेठ ४ मा राजाका सबै अधिकार कटौती गर्दै आलंकारिक राजाका रूपमा ज्ञानेन्द्र शाहलाई सीमित गरेको थियो । उहाँकै नेतृत्वमा २०६५ साल जेठ १५ मा नेपालबाट २४० वर्षे इतिहास भएको शाहवंशीय राजसंस्था अन्त्य भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित भएको थियो । यसरी २४० वर्षदेखिको राजतन्त्रको अन्त्य गर्दै सक्रिय राजतन्त्रको असफल अभ्यासमा लागेका राजा ज्ञानेन्द्रलाई नारायणहिटीबाट बाहिर निकाल्ने कामको नेतृत्व उहाँले नै गर्नुभएको थियो । अत्यन्त आँटिला, आफूलाई लागेको कुरा निर्णय गराउन सक्ने, कम बोल्ने तर बोलेको कुरामा अडिग रहने उहाँको स्वभावले नै मुलुकलाई राजनीतिक रूपान्तरण गराउन सम्भव भयो । जीवनको अन्तिम क्षणसम्म राष्ट्रका लागि क्रियाशील रहने उहाँ समकालीन नेपाली राजनीतिका शिखर पुरुष हुनुहुन्छ ।

उहाँको अर्को महत्त्वपूर्ण पक्ष भनेको सामान्य कार्यकर्ताको भावना र पीरमर्का बुझ्नसक्ने एक कुशल नेतृत्वका रूपमा देखाउनुभएको गुण र क्षमता पनि हो । उहाँ तल्लो तहको पार्टी कार्यकर्तासित समेत सोझै भावनात्मक सम्बन्ध राख्नसक्ने हुँदा आमकार्यकर्ताबीच अत्यन्त लोकप्रिय नेता हुनुहुन्थ्यो । उहाँले आफ्नो लामो राजनीतिक जीवनमा व्यतीत गर्नुभएको विभिन्न आरोहअवरोहहरू उहाँका सफलता र असफलता नेपाली राजनीतिका अभिन्न अंग हुन् ।

लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा युद्धरत माओवादीलाई शान्ति प्रक्रिया र लोकतान्त्रिक धारमा ल्याउने ऐतिहासिक कार्य उहाँकै नेतृत्वमा सम्पन्न भयो । १० वर्षे सशस्त्र युद्धमा रहेका माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन भएको १२ बुँदे सम्झौता र दोस्रो जनआन्दोलनको नेतृत्व गरेका गिरिजाप्रसाद कोइरालाले आफू हारेर भए पनि द्वन्द्वले आक्रान्त मुलुकमा शान्ति स्थापनाका लागि साहसिक कदम उठाएको इतिहास कसैबाट लुक्न सक्दैन । नेता कोइरालाकै नेतृत्वमा माओवादी जनसेनाको समायोजनसहित हतियार व्यवस्थापन भएको थियो । सहमति, सहकार्य र एकताका सूत्रधार कोइरालाको माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने निर्णय नै विश्वकै एक ऐतिहासिक सफलता हो ।

छ दशकभन्दा लामो संविधानसभा निर्वाचन गर्ने कांग्रेसका संस्थापक नेता बिपी कोइरालाको सपना पूरा भएको थियो । चारपटक मुलुकको प्रधानमन्त्री बनेका नेता कोइरालाले अन्तिम कार्यकालमा भने कार्यवाहक राष्ट्राध्यक्षको कार्यभारसमेत सम्हाल्नुभएको थियो । संवाद, सहमति र सहकार्यको माध्यमबाट राजनीतिक स्थायित्व कायम गरी राष्ट्रिय एकता, लोकतन्त्र र समृद्धिको दिशामा दृढतापूर्वक अघि बढ्नुपर्छ भन्ने उहाँको मान्यता अहिले पनि सबैको मार्गदर्शक बनेको छ । उहाँले आफ्नो जीवनकालभरि कालो झन्डा र विरोधको सामना गर्नु परे पनि मृत्युपर्यन्त उहाँले जति प्रशंसा र सम्मान प्राप्त गर्ने अवसर सायदै अरू व्यक्तिलाई प्राप्त भयो होला । आफूले हारे पनि मुलुकले जित्नुपर्छ भन्ने दर्शनबाट प्रेरित उहाँ आफ्नो विरोध गर्ने र कालो झन्डा देखाउने प्रवृत्तिलाई आफैंले लडेर प्राप्त गरेको प्रजातन्त्रको उपलब्धिका रूपमा लिनुहुन्थ्यो । राजतन्त्रविरुद्ध दलहरूले संयुक्त रूपमा लडेर संविधानसभाबाट संविधान बनाउने कार्य कोइरालाको योगदानबाट सम्भव भएको थियो ।

अहिले मुलुक संविधान कार्यान्वयनसँगै संघीय लोकतान्त्रिक गणतन्त्रको बाटोमा अघि बढिरहेको छ । यतिबेला सम्पूर्ण राजनीतिक शक्तिहरूलाई एक सूत्रमा बाँध्ने गिरिजाबाबुजस्ता शीर्ष व्यक्तिको अभाव खड्किएको अनुभूति भइरहेको छ । सम्पूर्ण राजनीतिक शक्ति एकजुट हुन सकेमात्र लोकतन्त्र सफल हुन सक्छ । उहाँको निधनसँगै नेपाली लोकतान्त्रिक आन्दोलनको पहिलो पुस्ताको अन्त्य भएको छ र मुलुकलाई शान्ति र समृद्धिको उचाइमा पुऱ्याउने जिम्मेवारी दोस्रो पुस्ताको काँधमा आएको छ ।

*(वरिष्ठ चिकित्सक एवं प्रजातान्त्रिक विचार समाजका पूर्वअध्यक्ष डा. केसीसँग राससले गरेको कुराकानीमा आधारित)*

## पत्र-मञ्जुषा

# सार्वजनिक यातायातः भाडा चर्को, सेवासुविधा शून्य !

'बिरामी, आपत् वा हतार हुँदा सार्वजनिक यातायात कहिल्यै पाइँदैन,' यो आमनागरिकको गुनासो हो । झन् बिहान र बेलुका त कुरा नगरौं । कार्यालय समयमा जोखिमपूर्ण यात्रा गर्न बाध्य हुने गरेका छन् नागरिकहरू । आइतबार बिहान ११ काठमाडौंको रत्नपार्कमा सार्वजनिक यातायात कुरिरहेका मानिसहरूको लाम थियो । कोही बिरामी पनि थिए त कोहीसँग बालबच्चा साथमा थियो । त्यस्तै, बूढाबूढी पनि देखिएका थिए । त्यतिबेला पनि कार्यालय वा कलेज जानेहरू गाडी कुरि नै रहेका थिए ।

हामी सार्वजनिक यातायातमा यात्रा गर्ने सर्वसाधारण घामपानी नभनी गाडी कुर्छौं । बल्लतल्ला १० मिनेटदेखि आधा घण्टासम्म कुरेर गाडी त आउँछ तर खुट्टा टेक्ने ठाउँ हुँदैन । काठमाडौं उपत्यकाभित्र जुनसुकै रुटमा भाडाको गाडी पाउन गाह्रो छ । गाडीमा सिटको आशा परको हो, झुण्डिने ठाउँमात्र भए पनि कत्रो ठूलो हुन्छ हामीहरूलाई । यहाँ देशभरका नागरिक शिक्षा, स्वास्थ्य, रोजगारीका लागि बस्दै आएका छन् । त्यस्तै, कोही नातेदार, आफन्त वा बिरामी भेटघाट गर्न पनि गाउँघरबाट यहाँ आउने गरेका छन् ।

काठमाडौं नेपालको राजधानी पनि हो । त्यसैले, विदेशी पर्यटकहरू समेत यहाँ घुमफिरका लागि आउने गरेका छन् । विडम्बना, विदेशीहरू पनि थोत्रा, पुराना र कोचाकोच गाडीमा यात्रा गर्न बाध्य भएका छन् । अहिले सञ्चालनमा रहेका सार्वजनिक यातायातहरू थोत्रा, पुराना भइसकेका छन् । यी गाडीहरू कबाड अवस्थामा पुगेका छन् । तर, यातायात व्यवसायीहरू यस्तो गाडी चलाएर आफू कमाउँछन् अनि यात्रुको ज्यान जोखिममा पार्छन् । सहचालक, चालक गाडी सफा गर्दैनन् । यात्रुसँग भाडामात्र असुल्छन्, त्यो पनि तोकिएभन्दा बढी ।

अहिले सार्वजनिक यातायातमा चढ्दा कुहिएकोजस्तो गन्ध आउँछ । पानी पर्दा यात्रुको कपडा नै भिज्छ । किनकि गाडीमा झ्यालको सिसा नै हुँदैन । यता, गाडीका सिटहरू पनि भाँचिएको छ । अनि यात्रु बस्दा लड्ने, लुगा च्यातिनेजस्ता समस्या हुने हुन्छ । सहचालक, चालकहरू पनि यात्रुसँग राम्रो बोलीवचन गर्दैनन् । उनीहरू पनि यात्रुलाई थर्काउने अथवा अपशब्द प्रयोग गरी गालीगलौजसमेत गर्छन् । अहिले उपत्यकाभित्र चलिरहेका ट्याक्सी, ग्याँस टचाम्पो, माइक्रो बस, बसहरू २४ वर्षदेखि ३१ वर्षसम्म पुरानो छ ।

उपत्यकाभित्रको सार्वजनिक यातायातको त अवस्था यस्तो छ भने उपत्यकाबाहिरको जिल्लामा के होला ? बाहिरी जिल्लाका जनताले सार्वजनिक यातायातबाट कति सास्ती भोगिरहेका होलान् ? यसको कुनै पनि लेखाजोखा नै छैन । कानुनमा सिटभन्दा बढी यात्रु हाल्न पाइँदैन अथवा बिल बुकभन्दा लेखिएभन्दा बढी यात्रु हाल्न पाइँदैन । तर, माइक्रो बसमा बिल बुकमा १२ देखि १३ जना लेखिए पनि यात्रु भने २७ जनासम्म हालिन्छ । सरकारले लोकल गाडीको भाडा एक किलोमिटरबाट पाँच किलोमिटरसम्म १९ रूपैयाँ तोकेको छ ।

तर, यातायात व्यवसायीहरू आधा किलोमिटरमै यात्रुसँग २५ रूपैयाँ असुल्छन् । भाडा थाहा नभएका यात्रुलाई झनै ठग्छन् । यता, विद्यार्थी, ज्येष्ठ नागरिक, अपांगता भएकाहरूलाई समेत भाडा छुट दिइँदैन । बालबच्चाको पनि भाडा लिइन्छ । कुनै झोला वा सामान भएमा त्यसको पनि भाडा लिन्छन्, यातायात व्यवसायीहरू ।

छोटो या लामो रुटमा चल्ने सार्वजनिक सवारीसाधनले लक्षित वर्गलाई भाडा छुट दिएपछि राज्यले वार्षिक करमा ४० प्रतिशत छुट दिएको हुन्छ । यातायात व्यवसायीहरू राज्यसँग त कर छुट लिन्छन् तर लक्षित वर्गलाई भाडा छुट दिँदैनन् । लामो रुटमा चल्ने गाडीले त सुपर डिलक्सको नाममा यात्रुसँग तोकिएभन्दा ४० प्रतिशत बढी भाडा लिन्छन् ।

त्यो पनि थोत्रा, पुराना गाडी चलाएर । कानुनमा सुपर डिलक्सको भाडा तिर्न सरकारको मापदण्डभित्र पर्नुपर्छ । यहाँ त मापदण्डभित्रै नपरेका माइक्रो बस, जम्पो हायस, टाटा समूहले सुपर डिलक्सको नाममा यात्रुसँग बढी भाडा असुलिरहेका छन् । अर्कोतर्फ, मापदण्डभित्र परेका गाडीले पनि दर्ता भएको मितिले तीन वर्ष पुगेपछि सुपर डिलक्सको नाममा यात्रुसँग भाडा लिन पाइँदैन । तर, यहाँ त दर्ता भएको मितिले २० वर्ष पुगिसकेका गाडीले पनि सुपर डिलक्सको नाममा यात्रुसँग भाडा असुलिरहेका छन् ।

यता, दर्ता भएको मितिले छ वर्ष पुगेपछि त्यस्ता सवारीसाधन रातको समयमा चलाउन पाइँदैन । यातायात व्यवसायीहरूको कानुनको धज्जी उडाउँदै छ वर्ष कटिसकेका सवारीसाधन पनि रातको समयमा चलाएर यात्रुको ज्यान जोखिममा पारिरहेका छन् । कानुनमा २० वर्ष पुगेसकेका गाडी पत्रु वा लत्ताकट्टा गर्नुपर्ने अनिवार्य व्यवस्था छ । यद्यपि, यातायात व्यवसायीहरू अहिले पनि २० वर्ष कटेका सवारीसाधन चलाइरहेका छन् । आफ्नो ज्यानै जोखिममा राखेर त्यस्ता गाडीमा चढ्न सर्वसाधारण भने बाध्य भएका छन् । हामी नागरिकलाई एक मिनेट पनि महत्त्वपूर्ण छ । तर, भाडाको गाडी पाउन बस स्टपमा १० मिनेटदेखि घण्टौं कुर्नुपर्छ । ट्याक्सीमा पनि यस्तै छ । ट्याक्सी चालकहरू यात्रुले भनेको ठाउँमा जान मान्दैनन् । चक्रपथबाहिर ट्याक्सी जाँदैन ।

सरकारले ट्याक्सीको रोडपर्मिटमै उपत्यकाभित्रको जुनसुकै रुटमा चल्न पाइने भनेर लेखिदिएको हुन्छ । तर, ट्याक्सी चक्रपथबाट जान मान्दैन । केही गरी मानिहाले पनि चालकले भनेजति पैसा तिर्नुपर्छ यात्रुले । ट्याक्सी चालकहरू नजिक पनि यात्रु बोक्न मान्दैनन् । चाहे त्यो बिरामी नै किन नहोस् । सरकारले ट्याक्सीको भाडामा सुरुमा ५० रूपैयाँ र प्रत्येक किलोमिटर ५० रूपैयाँ तोकेको छ । तर, ट्याक्सी चालकहरू एक किलोमिटरमै ५०० रूपैयाँसम्म माग्छन् । पठाओमार्फत ट्याक्सी चढ्दा सुरुमै १७७ रूपैयाँ तिर्नुपर्छ । यो गैरकानुनी हो । ट्याक्सीले राति ९ बजेदेखि बिहान ४ बजेसम्म डेढी लिन्छ । सार्वजनिक यातायातको यस्तो मनोमानी नियन्त्रण कसले गर्ने ?

**– रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# झापामा हात्तीको त्रास, चालु आवमा ६ जनाको मृत्यु

**झापा–** मेचीनगर वडा नं १२ की ५२ वर्षीया भीममाया राई दुई दिनअघि बेलुकी ९:३० बजेतिर पसलबाट घर फर्किंदै गर्दा बाटोमा हात्तीको आक्रमणमा परेर घाइते भइन् । विर्तामोडको बी एण्ड सी अस्पतालमा उपचार सम्भव नभएपछि उनको सिलगुढीस्थित अस्पतालमा उपचार भइरहेको छ। 'पसलबाट घर आउँदै गर्दा कालीझोडाबाट निस्किएको हात्तीले एक्कासि आक्रमण गऱ्यो,' घाइते भीममायाका पति डिल्ली राईले भने, 'साँझ बिहानको बेला बाटोघाटोमा हिँड्दा हात्तीले मार्ला कि भन्ने डर भइसक्यो ।'

जिल्लाको मेचीनगर, अर्जुनधारा, बुद्धशान्तिलगायत पालिकाका धेरैजसो वडामा वर्षायाममा बाढीसँगै हात्ती आक्रमणको त्रास बढेको छ । सर्प र चटचाङको डर त छँदै छ। दिनभरि खेतमा काम गर्ने किसान हात्तीको डरले रातभरि आराम गर्न पाउँदैनन् । साँझ परेपछि गाउँ पस्ने हात्तीलाई धपाउन उनीहरू अनिँदै बस्नुपर्ने अवस्था छ। असारको पहिलो साता दिउँसो १ बजेतिर मेचीनगर-९ मागुरमाडी गाउँमा पसेका दुईवटा हात्तीले टंकप्रसाद श्रेष्ठको १० कठ्ठा खेतमा लगाइएको मकैबाली नष्ट गऱ्यो । 'हात्तीले पहिल्यैदेखि राति दु:ख दिँदै आएका थिए, अचेल दिउँसै दु:ख दिन थालेपछि थप समस्या भएको छ,' श्रेष्ठले भने, 'मानो रोपेर मुरी उब्जाउने बेला हात्तीको समस्या भयो । गाईवस्तु भए पो खेद्नु, हात्तीले टेर्दैनन् !'

डिभिजन वन कार्यालयका प्रमुख मेघराज राईले चालु आर्थिक वर्षको असार १५ गतेसम्ममा हात्तीको आक्रमणबाट छ जनाको मृत्यु भएको र १३ जना घाइते भएका बताए । सोही अवधिमा चारवटा हात्तीसमेत मरेका उनले जानकारी दिए ।

यहाँका किसान हात्ती मात्र होइन, वर्षायाममा बाढी र चटचाङको त्रासदीबाट पनि गुज्रिरहेका छन्। नदीमा पर्याप्त तटबन्धन नहुनु, भारी वर्षा हुनासाथ बाढी र डुबानको समस्या आउने मनसुनजन्य विपद्ले बर्सेनि यहाँ मानवीय तथा भौतिक क्षति हुने गरेको छ । मेची, निन्दा, विरिङ, कनकाई, कमल, रतुवा र मावा नदीले बर्सेनि ठूलो मात्रामा उर्वर खेतीयोग्य जग्गा कटान गरेर बगर बनाइरहेको छ। यसको रोकथामका लागि भने ठोस प्रयास हुन सकेको छैन ।

गत असार ३ गते परेको चटचाङले मेचीनगर-३ भावना टोलका योगेन्द्र भट्टराईको गोठमा बाँधेका एक हल राँगा मरे । बर्खामा खेत जोत्न हुर्काएका हल राँगा नै मरेपछि भट्टराई दु:खमा परेका छन्। वर्षौंदेखि हुर्काएका एक हल राँगा मरेको पीडा त छँदैछ खेत जोत्न एक हल राँगा किन्नुपर्ने र त्यसका लागि डेढ लाख रूपैयाँ ऋण काढ्नुपर्ने अवस्थाले उनलाई थप समस्यामा पारेको छ।

यस्तै यही असार १२ गते बिहान गौरीगञ्ज र कमल गाउँपालिकामा परेको छुट्टाछुट्टै चटचाङ लागेर खेतमा काम गरिरहेका दुईजनाको मृत्यु र एक घाइते भए। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कृष्णबहादुर चन्दका अनुसार गौरीगञ्ज-३ ठेकीटोलमा धानको बीउ उखेल्ने काम गरिरहेका गौरादह-८ का ४२ वर्षीय विकास गिरी र कमल-२ समयगढका ४६ वर्षीय राजन खड्काको चटचाङ लागेर मृत्यु भएको हो।

वर्षायाममा सर्पदंशको समस्यासमेत त्यस्तै छ । असार ११ गते बेलुका ५:३० बजेतिर कचनकबल-३ की १२ वर्षीया मनिषा राजबंशीलाई आफ्नै घरको सोफा बसिरहेका बेला विषालु सर्पले डस्यो । उपचारका लागि लैजाँदै गर्दा उनको मृत्यु भयो । *रासस*

# डेंगु संक्रमणको जोखिम रोक्न उच्च सतर्कता

**नेपालगञ्ज (प्रस)–** भारतसँग सीमा जोडिएको बाँके जिल्लामा डेंगु संक्रमणको जोखिम देखिएको भन्दै उच्च सतर्कता अपनाइएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयले जिल्लाका सबै पालिकामा डेंगुको संक्रमण देखिएको उल्लेख गर्दै नियन्त्रण गर्न लामखुट्टेका लार्भा र प्युपा नष्ट गर्ने अभियान सुरु गर्न लागेको जनाएको छ । बाँकेका डेंगु रोग सम्पर्कव्यक्ति दुर्गा गौतमले बाँकेमा चालु आर्थिक वर्षको हालसम्म ४०५ जना डेंगुका संक्रमित भेटिएको जानकारी दिँदै यसलाई नियन्त्रण गर्न वडास्तरमा पनि कार्यक्रम सुरु गर्न लागेको बताए।

जिल्लाका आठ स्थानीय तहमध्ये राप्ती सोनारी गाउँपालिकामा पाँच, कोहलपुर नगरपालिकामा २४, बैजनाथ गाउँपालिकामा नौ, खजुरा गाउँपालिकामा चार, जानकी गाउँपालिकामा पाँच, नेपालगञ्ज उपमहानगरपालिकामा ४५ र डुडुवा गाउँपालिकामा छजना डेंगुका बिरामी छन् । 'बिरामीको संख्या बढ्दै गएको छ र अस्पताल आउने बिरामीको संख्या पनि बढ्दै गएकाले डेंगुको संक्रमण बढदो देखिएको छ,' गौतमले भने। जिल्लामा डेंगु संक्रमणको जोखिम बढ्ने समय नजिक आएको र यसको नियन्त्रणमा ध्यान दिन आवश्यक रहेको डेंगु रोग सम्पर्कव्यक्ति गौतमले बताए । उनले रोग नियन्त्रणका लागि सीमामा पनि निगरानी बढाउनु आवश्यक भएको बताए।


## मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**काभ्रेपलाञ्चोक, महादेवस्थान**
**बागमती प्रदेश, नेपाल**
**फोन नं. ०११४१२११३**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१।०३।१९)**

यस नगरपालिकाको मिति २०८१।०२।०६ को सूचना बमोजिम मण्डनदेउपुर नगरपालिका भित्र रहेको तपसिलका नदि तथा खोलाबाट उत्खनन हुने नदिजन्य पदार्थको संकलन तथा बिक्री शुल्क (आन्तरिक आय) बन्दोबस्तको लागि सूचना बमोजिम प्राप्त बोलपत्रहरु मिति २०८१।०३।०४ गते खोलिएको मा उक्त बोलपत्रहरुको मूल्याङ्कन गरी प्रक्रियागत रुपमा पेश गरेको प्रतिवेदन अनुसार सारभूत रुपमा प्रभावग्राही रहेको र अधिकतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिल बमोजिमको बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदातालाई जानकारीको लागी यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| कार्य नं | कार्यको नाम | बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| १/IR/२०८१/०८२ | मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदि क्षेत्रबाट ढुंगा, वालुवा, ग्राभेल (IEE मा उल्लेखित १३ क्षेत्रहरुबाट संकलन तथा बिक्री गर्ने) | सुदिपा ट्रेडिङ्ग कम्पनि प्रा.लि. काठमाडौं -१४ बल्खु । | रु.१०,६६,९९,९९९.९३ (दश करोड छयसठ्ठी लाख उनान्सय हजार नौ सय उनान्सय रुपैया त्रियान्नब्बे पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**



## खाँडाचक्र नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मान्म, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०३/१९**

यस कार्यालवाट मिति २०८१/०२/१३ मा सूचना प्रकाशित भई E-Bid मार्फत पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोलि मुल्याङ्कन हुँदा तपशिलको बोलपत्र दाताहरुको प्रस्ताव सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम (३१) ज (४) बमोजिम सारभुत रुपमा प्रभावग्राही भएकोले मिति २०८१/०३/२६ गते १३:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सोही नियमको उप नियम ५ बमोजिम सम्बन्धित बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | प्रभावकारी बोलपत्रदाता |
|---|---|---|
| KM/MPMBCP/KKT/NCB/03RE/2080/081 | **Multi- Purpose Municipal Building Construction Project** | 1. R.& C.S.Builders Pvt.Ltd, Jorpati,<br>2. CHAKRESWORI/KUSHESHWOR/C.L J.V, Kathmandu<br>3. New Draigon Nirman Sewa Pvt.Ltd, Kavre |

**प्रमुख प्रशासकीय अधिकृत**



स्थानीय सरकार
## पाँचपोखरी थाङ्पाल गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**थाङ्पालधाप, सिन्धुपाल्चोक**

## Double Cab 4WD Pickup Vehicle क्याटलग सपिङ विधिबाट खरिद सम्बन्धी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/१८)

यस कार्यालयको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार Double Cab 4WD pick-up Vehicle खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) बमोजिम उत्पादक तथा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि, २०७४ (क्याटलग कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले आ-आफ्नो फर्म दर्ताको प्रमाणपत्र, मू.अ.कर दर्ताको प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, आ.व. २०७९।०८० को आयकर चुक्ता र स्वघोषणा समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम खरिद उत्पादकको आधिकारिक स्पेसिफिकेशन गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले सातौ दिन बेलुका ५:०० बजेभित्र र सातौं दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको बेलुका ५:०० बजे भित्र यस कार्यालयको नेपाल इनभेष्टमेन्ट मेगा बैंकमा रहेको पाँचपोखरी थाङ्पाल गाउँपालिका आन्तरिक राजश्व खाता १८३०१४००००१०९ रु. १०००/- दाखिला गरी Double Cab 4WD pick-up Vehicle को आवेदन दर्ता गर्नुहुन सुचिकृत उत्पादक वा आधिकारिक विक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | सामानको विवरण | संक्षिप्त विवरण र शर्तहरु | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | Double Cab 4WD pick-up Vehicle | Double Cab 4WD pick-up Vehicle कार्यालयबाट स्वीकृत स्पेसिफिकेशन बमोजिम हुनुपर्ने छ र उक्त स्वीकृत स्पेसिफिकेशन यस कार्यालयको वेवसाइट https://panchpokharithangpalmun.gov.np/ मा हेर्न सकिनेछ | थान १(एक) | प्रस्ताव खोल्ने समय र स्थान : सातौं दिनको बेलुका ५:१५ बजे, पाँचपोखरी थाङपाल गाउँपालिकाको कार्यालय, थाङ्पालधाप, सिन्धुपाल्चोक । सो दिन सार्वजनिक विदा परेमा माथिको सूचना बमोजिम |



## मिथिला नगरपालिका
## नगर कार्यपालिको कार्यालय
**ढल्केवर धनुषा, मधेश प्रदेश, नेपाल**

## मिथिला नगरपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

• जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । • विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । • खानेपानीका मुहानहरू सदैव सफा राखौं । • जथाभावी फोहोर नफालौं । • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । • चर्पीमा मात्र दिसापिसाव गरौं । • सफासँग हात धोएर खाना खाने गरौं । • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं घरपालुवा चौपायाहरू छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं सवारीसाधनहरू उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । • विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । जेष्ठ नागरीकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । •व्यक्तिगत घटना घटेको ३५ दिनभित्र अनिवार्य रूपमा नगरपालिकामा घटना दर्ता गराऔं । • समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । • गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । • राष्ट्रिय सम्पदा तथा धरोहरहरूको जर्गेना गरौं । • कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चात मात्र सञ्चालन गरौं । • घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । • गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
२. नाप, तौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी र उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडा पखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाइसकेपछि नियमितरूपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने र स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गरौं ।
१२. ढाँटी झुक्काई कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरू पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, स्तरस्य वस्तुको छनौट, मूल्य परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

# प्रभाव दैनिक





## '१२ गाउँ'को फर्स्टलुक पोस्टर सार्वजनिक

अभिनेता विराज भट्टको निर्देशनमा निर्माण भैरहेको सिनेमा '१२ गाउँ'को फर्स्टलुक पोस्टर सार्वजनिक भएको छ । आगामी दशैंमा प्रदर्शनमा आउने सिनेमाबाट अभिनेता भट्टका छोरा समीर भट्टले नेपाली रजतपटमा डेब्यु गर्दैछन् । समीरको डेब्यु सिनेमा भएका कारण पनि सिनेमा निर्माण घोषणादेखि नै चर्चाको शिखरमा छ । विराजले नेपाली सिनेमा इतिहासकै उच्च स्तरीय एक्सन पस्किने तयारी '१२ गाउँ' मार्फत गरेका छन् । यो सिनेमाले नेपाली सिनेमाको एक्सनलाई अन्तर्राष्ट्रिय स्तरमा लैजाने विश्वास निर्देशक तथा अभिनेता भट्टको छ ।






# 'नम्बरी सुन' साउन २५ मै आउने

■ प्रभाव संवाददाता




**काठमाडौं–** राजु गिरीको निर्देशनमा निर्माण भएको फिल्म 'नम्बरी सुन'को प्रदर्शन मिति हेरफेर भएको छ । यसअघि यो फिल्म भदौ १ गते रिलिज हुने भनिए पनि अब भने साउन २५ गते रिलिज हुने भएको छ ।

निर्माण टिमले फिल्मका प्रमुख कलाकारहरू गौरव पहारी, नम्रता सापकोटा र विनोद न्यौपाने फिचर्ड नयाँ पोस्टरसँगै प्रदर्शन मिति पनि सार्वजनिक गरेको हो ।

नारायण खातीको शब्द कथा तथा प्रस्तुति रहेको फिल्ममा गौरव पहारी, नम्रता सापकोटा, सरोज खनाल, राजाराम पौडेल, राजेन्द्र खड्गी, बुद्धि तामाङ, किरण नेपाली, सविन बास्तोला, विनोद न्यौपाने, गीता अधिकारीलगायतका कलाकारको अभिनय रहेको छ ।

सुवर्ण शिभान्स प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मको पटकथा तथा संवाद शिवम अधिकारीले लेखेका हुन् । सरोज खाती, सविन खाती र मनोज रिजालले मिलेर फिल्म निर्माण गरेका हुन् । फिल्मका गीतमा राजेशपायल राई, शान्तिश्री परियार, प्रताप दास र अनु चौधरीको स्वर छ ।

फिल्ममा अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, रामजी लामीछानेको नृत्य निर्देशक, समीर मियाँको भिएफएक्स, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन, गौतम राज खड्काको सम्पादन, विनोद भुजेलको ब्याकग्राउन्ड स्कोर, मनोरञ्जन श्रेष्ठको कलर करेक्सन, राकेश दाहालको पोस्टर डिजाइन छ ।

फिल्मलाई काठमाडौं उपत्यकामा रिच इन्टरटेनमेन्ट र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्दैछन् ।

# 'ह्रस्व दीर्घ'का लागि भारतीय अभिनेता काठमाडौंमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'ह्रस्व दीर्घ'को चौथो सेड्युलको छायाङ्कन अहिले काठमाडौँमा चलिरहेको छ । फिल्म छायाङ्कनका लागि 'गजनी'का भिलेन प्रदीप रावत र दक्षिण भारतीय फिल्म 'पुष्पा'का भिलेन सुनिल वर्मा काठमाडौँ आएका छन् ।

आइतबार साँझ काठमाडौँ आएका रावत र वर्माले सोमबार दिनभर ललितपुरस्थित इन्टरनेसनल क्लबमा फिल्मको छायाङ्कन गरेका छन् । फिल्म छायाङ्कनपछि निर्माण युनिटले साँझ पत्रकार भेटघाट समेत गरेको थियो । जसमा अबको ४ दिनमा फिल्मको छायाङ्कनमा सकिने निर्देशक चन्द्र पन्तले बताए । पन्तको यो निर्देशनमा डेब्यु फिल्म हो । पन्त नेपाली फिल्मका चर्चित द्वन्द्व निर्देशक हुन् ।




कार्यक्रममा बलिउड अभिनेता रावतले नेपाली फिल्म अभिनय गर्न पाउँदा खुसी लागेको बताए । फिल्ममा आफ्नो अभिनेत्री निता ढुङ्गानाको बुबाको भूमिका रहेको समेत उनले जानकारी दिए । राउतले यस अगाडि भोजपुरी फिल्म 'माही'मा नितासँग स्क्रिन सेयर गरेको स्मरण गर्दै निता राम्रो कलाकार भएको भन्दे तारिफ समेत गरे ।

त्यस्तै कार्यक्रममा सहभागी फिल्म पुष्पाका भिलेन वर्माले फिल्म 'ह्रस्व दीर्घ'ले नेपाली र भारतीय फिल्म उद्योगलाई जोड्ने काम गरेको बताए । उनले फिल्म उत्कृष्ट बन्ने बताउँदै नेपाली फिल्म अभिनय गर्न पाउँदा खुसी लागेको सुनाए । वर्माले 'ह्रस्व दीर्घ' नेपालको पहिलो प्यान इन्डिया फिल्म भएको बताउँदै भारतीय दर्शकमाझ लैजान आफू उत्साहित रहेको सुनाए ।

निता फिल्मस्को प्रस्तुतिमा निर्माण भएको फिल्मका कार्यकारी निर्माता धनञ्जय गलानी हुन् । फिल्ममा निता, प्रदीप, सुनिलको अलावा हरिहर अधिकारी, ब्रह्मानन्द, अलि, कवीर सिंह दुहान, सञ्चिता लुइँटेल, विपना थापा, प्रशान्त ताम्राकार, सरोज खनाल, नरेन खड्का, गरिमा शर्मा, रवीन्द्र झा, आर्दश मिश्र, बुद्धि तामाङ र किरण केसी लगायतका कलाकारको अभिनय रहनेछ । अभिनेता हरिहर अधिकारीको कथा र प्रतीक पौडेल, निर्देशक पन्त र हरिहरको पटकथा तथा संवाद रहेको फिल्मलाई बलिउडका चर्चित छायाकार कवीरलालले छायाङ्कन गरिरहेका छन् । नेपाली, तेलुगु र हिन्दी गरी तीन भाषामा फिल्म रिलिज गर्ने योजना निर्माण पक्षको छ ।

आगामी असोज ३ गतेबाट प्रदर्शनमा आउने बताइएको फिल्मलाई मनोज राठी र उज्ज्वल पौडेलले वितरण गर्नेछन् ।

# 'सतीदेवी'को प्रदर्शन मिति सऱ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** लक्ष्मण सुवेदीको निर्देशनमा बनेको तेस्रो फिल्म 'सतीदेवी' पूर्वघोषित मिति साउन ४ गतेबाट झन्डै एक महिना पछाडि सरेको छ ।

भदौ ७ गतेलाई फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरिएको छ । निर्माण कम्पनी दिलासा क्रियशनले एक विज्ञप्ति जारी गर्दै प्राविधिक कारणले फिल्मको प्रदर्शन मिति हेरफेर गरिएको जनाएको छ ।



मलिका महत, रमेश बुढाथोकी, कुलदीप अधिकारी, सन्दीपबाबु लोहनी, सृजना अधिकारी, मनिषा सापकोटा, भोलाराज सापकोटा, सन्देश लिम्बू, हर्षिका वली, मन्जिला बाँनियाँ लगायतको अभिनय रहेको फिल्मको निर्मातामा विशाल सुवेदी र श्रीदेवी सुवेदी छन् । फिल्मले वंश धान्न छोरा चाहिन्छ भन्ने पितृसत्तात्मक सोचलाई प्रश्न गरेको छ । फिल्मको टिजरदेखि गीतसम्म रिलिज भइसकेको छ ।

दिलाशा क्रियसन र गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा निर्माण भएको 'सतीदेवी'मा निर्देशक सुवेदी स्वयंको स्क्रिप्ट लेखन तथा निर्माण छ भने बाबु श्रेष्ठले छायांकन, दीपक शर्मा र सुवास भुसालको संगीत तथा रामजी लामिछानेको कोरियोग्राफी रहेको छ ।

फिल्मको वितरण काठमाडौं उपत्यकामा रिच इन्टरटेन्टमेन्ट र उपत्यकाबाहिर एफडी कम्पनीले गर्नेछ ।



## पारा तथा विशेष खेलकुद

# भारोत्तोलनमा बने चार राष्ट्रिय कीर्तिमान



■ प्रभाव संवाददाता

**काठमाडौं–** पारा तथा विशेष खेलकुदअन्तर्गत भारोत्तोलनमा मंगलबार ४ नयाँ राष्ट्रिय कीर्तिमान बनेको छ । चारै कीर्तिमान पुरुषको स्पर्धामा बनेको हो । चारमा दुईले आफ्नै नाममा रहेको कीर्तिमान सुधारे भने दुई खेलाडीले अरुको कीर्तिमान तोड्दै स्वर्ण जितेका हुन् ।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको प्रतियोगिताको पुरुष ७२ केजीमाथि बागमती प्रदेशका आशिष मानन्धरले १४५ केजी भार वहन गर्दै आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमानमा सुधार गरे । उनकै नाममा १३० केजीको कीर्तिमान थियो । कर्णाली प्रदेशका किरणकिशोर सापकोटा दोश्रो तथा कोशी प्रदेशका सुपर राई तेस्रो भए ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजना तथा राष्ट्रिय पारा भारोत्तोलन खेलकुद संघ नेपालको व्यवस्थापनमा भएको प्रतियोगिताको पुरुष ५९ केजीमा सुदूरपश्चिम प्रदेशका सुरेश विष्टले ८६ केजी तौल उठाउदै राष्ट्रिय कीर्तिमान बनाए । ८५ केजीको कीर्तिमान दीपक तिमल्सिनाको नाममा थियो । कोशीका सोमनाथ राई दोश्रो तथा बागमतीका मानबहादुर राना मगर तेस्रो बने ।

पुरुष ६५ केजीमा बागमतीका दीपक खड्काले १०१ केजी वजन उचाल्दै राष्ट्रिय कीर्तिमान कायम गरे । उनले ठाकुर श्रेष्ठको ९० केजीको कीर्तिमान भंग गरे । बागमतीका विरु ढुंगानाले रजत तथा लुम्बिनीका लक्ष्मण नेपालीले कांस्य प्राप्त गरे ।

पुरुष ५४ केजीमा बागमतीका ठाकुर श्रेष्ठले १०० केजी भार वहन गर्दै कीर्तिमानी स्वर्ण जिते । उनले आफ्नै नाममा रहेको ९० केजीको कीर्तिमानमा सुधार गरे । गण्डकी प्रदेशका पवन घर्ती मगर दोश्रो तथा बागमतीका दीपक तिमल्सिना तेस्रो स्थानमा रहे ।

पुरुष ४९ केजीमा बागमतीका मनीष पुन मगरले स्वर्ण चुमे । उनले ५० केजी वजन उठाए । कर्णालीका रूपलाल बस्नेतले रजत तथा कोशीका अजित खातीले कांस्य हात पारे । पुरुष ७२ केजीमुनि बागमतीका राजाराम सिलवाल पहिलो भए । उनले ८० केजी तौल उचाले । लुम्बिनीका नारायण तिमल्सिना दोश्रो तथा बागमतीका रामकाजी मगर तेस्रो भए ।

विजेतालाई राखेपकी अध्यक्ष एवं प्रतियोगिता संयोजक पेमा डोल्मा लामा, राष्ट्रिय पारा भारोत्तोलन खेलकुद संघ नेपालका अध्यक्ष टेकबहादुर गुरुङलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । दुईदिने प्रतियोगितामा मधेश बाहेक ६ प्रदेशका ४२ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । पुरुषमा ६ र महिलामा ३ गरी ९ स्पर्धामा प्रतिस्पर्धा भएको थियो ।

# प्रदेशस्तरीय कबड्डीमा सुनसरी शीर्षस्थानमा




**विराटनगर (प्रस)–** मोरङको विराटनगरमा जारी प्रदेशस्तरीय कबड्डी लिग कम नकआउट प्रतियोगितामा सुनसरी जिल्ला शीर्षस्थानमा रहेको छ । कोशी प्रदेश खेलकुद विकास बोर्डले आयोजना गरेको कबड्डी प्रतियोगिताको दोस्रो दिन सुनसरीले तीन खेल खेल्दै ६ अंकका साथ शीर्ष स्थानमा रहेको छ । ताप्लेजुङ र पाँचथर समान अंक ४-४ का साथ दोस्रो स्थानमा छन् । उनीहरूले २-२ खेल खेल्दै जित निकालेका थिए ।

सोलुखुम्बुले एक खेलमा जित, एक खेल बराबरी र एक खेल हार्दै तीन अंक प्राप्त गरेको छ । झापा र मोरङले २-२ अंक प्राप्त गर्दा एक खेलमा जित एक खेलमा हारेका छन् । इलाम १ खेलमा जित निकाल्दै दुई अंक प्राप्त गरेको छ । उदयपुरले एक खेलमा बराबरी र एक खेल हार्दै एक अंक प्राप्त गरेको छ ।

त्यसैगरी, धनकुटा, संखुवासभा, तेह्रथुम र ओखलढुंगा कुनै पनि खेलमा नतिजा निकाल्न नसक्दा अंकविहीन अवस्थामा छन् । प्रतियोगितामा प्रदेशका १२ वटा जिल्लाको सहभागिता रहेको छ । समूह 'ए'मा मोरङ, सुनसरी, झापा, सोलुखुम्बु, उदयपुर र धनकुटा छन् । समूह 'बि'मा इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, संखुवासभा र ओखलढुंगा छन् । भोजपुर र खोटाङले सहभागिता जनाएका छैनन् ।

बुधबारसम्म सञ्चालन हुने प्रतियोगिताको विजेताले एक लाख रूपैयाँ र उपविजेताले ५० हजार रूपैयाँ पुरस्कार प्राप्त गर्ने खेलकुद विकास बोर्डले जनाएको छ ।


## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: TAWASUL TRANSPORT शहर: UAE, Abu Dhabi

पूर्व स्वीकृत मितिः २०७९/०८/११ चलानी नं.: ६०१९२२७७ LT. No.: 276620 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Light Vehicle Drive/Taxi Driver | 102 | 0 | स. काममा दक्ष | 1600 | ५८,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता स्थान, मिति

जनप्रिय थकाली भान्साघर, पोखरा, कास्कीमा २०८१ असार २६ गते (10 July 2024) मा हुनेछ ।
मेनपावर कार्यालय, बसुन्धरा-३, काठमाडौंमा २०८१ असार २७, २९, ३०, ३१ र साउन १ गते (11, 13, 14, 15 & 16 July 2024) मा हुनेछ ।
सिपी होटल, विर्तामोड, झापामा २०८१ असार २८ गते (12 July 2024) मा हुनेछ ।
रेड कार्पेट होटल, भरतपुर, चितवनमा २०८१ असार ३० गते (14 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

CERTIFIED ISO 9001:2015 COMPANY



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FACTORY KOOZ AL-SHARQ PAPER PRODUCTS CO.

पूर्व स्वीकृति मिति २०८१/०३/१६ LT. No. 307074 चलानी नं. ६०२२१८१३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | PACKAGING AND WRAPPING WORKER | 3 | 0 | 1400 | ४९,८३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २६ गते (10th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com
Govt. License 771/065/066

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १४२३०० | प्रति तोला - १४१६०० | प्रति तोला - १८५०



**पाक्यो चैते धान** | गुल्मीको इस्मा गाउँपालिका–१ अन्तर्गत छल्दी किनारमा पाक्दै गरेको चैते धान । अब यो धान पाकिसकेपछि मंसिरे धान लगाउने तयारी किसानहरूले गरेका छन् । *तस्बिरः जनार्दन घिमिरे/रासस*

## धितोपत्र बोर्ड अध्यक्ष नियुक्ति प्रक्रिया रद्द नगर्नू : सर्वोच्च

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति प्रक्रिया रद्द नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ । साथै अदालतले यही असार २१ गते शुक्रबारका लागि दुवै पक्षसँग छलफलका लागि बोलाएको छ ।

अध्यक्षका लागि सर्टलिस्टमा परेका ५ जनामध्ये ३ जना अन्तर्वार्तामा अनुपस्थित भएको भन्दै सिफारिस समितिले प्रक्रिया रद्द गर्ने निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध सर्टलिस्टमा परेका सन्तोषनारायण श्रेष्ठले प्रक्रिया रद्द गर्ने कानुनी व्यवस्था नरहेको भन्दै सिफारिस समितिको निर्णय खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका लागि गठित सिफारिस समिति लगायतलाई विपक्षी बनाइएको रिटमाथि मंगलबार सर्वोच्च अदालतमा न्यायाधीश अब्दुल अजिज मुसलमानको इजलासमा सुनुवाइ भएको थियो ।




इजलासले यो मुद्दामा विपक्षीसँग लिखित जवाफ माग गरेको छ र अन्तरिम आदेशका लागि दुबै पक्षलाई छलफलमा बोलाएको छ । त्यतिन्जेलसम्मका लागि अध्यक्ष छनोटको प्रक्रिया रद्द नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको सर्वोच्चका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेले जानकारी दिए ।

गत ४ माघ २०८० मा गठित सिफारिस समितिले अध्यक्षमा आवेदन माग गरेपछि १९ जनाले आवेदन दिएका थिए । समितिले तीमध्ये पाँचको नाम सर्टलिस्ट गरी कार्ययोजना प्रस्तुतिकरण र अन्तर्वार्ताका लागि बोलाएको थियो । सर्टलिस्टमा परेका पाँचमध्ये सन्तोषनारायण श्रेष्ठ र बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठ कार्ययोजना प्रस्तुतिकरणका लागि उपस्थित भए ।

तर, बोर्डका अर्का कार्यकारी निर्देशक डा. नवराज अधिकारीसहित बीमा प्राधिकरणका पूर्वअध्यक्ष चीरञ्जीवी चापागाईं र नेपाल स्टक एक्सचेन्ज (नेप्से) का प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर कार्की भने कार्ययोजना प्रस्तुतिकरण तथा अन्तर्वार्तामा अनुपस्थित थिए ।

## जुनमा भित्रिए ७६ हजारभन्दा बढी पर्यटक

■ प्रभाव संवाददाता

**काठमाडौं–** सन् २०२४ को जुनमा मात्र ७६ हजार सात सय ३६ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । अध्यागमन विभागलाई उद्दृत गर्दै नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार सन् २०२३ को जुनको तुलनामा यस वर्षको जुनमा चार हजारभन्दा बढी पर्यटक नेपाल भित्रिएका हुन् । सन् २०२३ को जुनमा ७२ हजार दुई सय ५० पर्यटक नेपाल भित्रिएका थिए ।

नेपाल भित्रिएका पर्यटकमध्ये भारतीय पर्यटक बढी छन् । भारतबाट जुनमा ३७ हजार आठ सय ३५ पर्यटक नेपाल भित्रिएको नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले जानकारी दिए ।

यस्तै, दोस्रोमा अमेरिकाबाट आठ हजार दुई सय ८१, चीनबाट सात हजार चार सय ९४ जना पर्यटक नेपाल भित्रिएका छन् । बंगलादेशबाट तीन हजार आठ सय ५७, बेलायतबाट एक हजार नौ सय ६९, अष्ट्रेलियाबाट एक हजार पाँच सय ८९, भुटानबाट एक हजार ६६, मलेसियाबाट एक हजार १४, जापानबाट नौ सय ५३ र दक्षिण कोरियाबाट आठ सय ७५ जना भित्रिएको पर्यटन बोर्डले जनाएको छ । कोरोना महामारीभन्दा पहिले सन् २०१९ को जुनमा नेपालमा ७४ हजार आठ सय ८३ विदेशी पर्यटक आएका थिए । सन् २०२४ सुरु भएयता नेपालमा पाँच लाख ८३ हजार १६ पर्यटक भित्रिएका छन् । *रासस*

## उतारचढावबीच नेप्सेमा उछाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** तीव्र उतारचढावका बीच मंगलबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ४७ दशमलव ०४ अङ्कले बढेको छ । नेप्से परिसूचक दुई दशमलव २९ प्रतिशतले बढेर दुई हजार एक सय दशमलव ४३ को बिन्दुमा कायम भएको हो ।

कारोबार सुरु भएलगत्तै परिसूचक चार प्रतिशतले बढेपछि पहिलो पटक २० मिनेटका लागि कारोबार स्थगित भएको थियो । नेप्सेको नियमअनुसार दोस्रोपटक कारोबार सुरु भएको एक मिनेटमै परिसूचक थप एक प्रतिशत बिन्दुले बढेर पाँच प्रतिशत पुगेपछि कारोबार अर्को ४० मिनेटका लागि बन्द भएको थियो ।

कारोबारमा विभिन्न तीन सय १५ कम्पनीको एक करोड १६ लाख ४५ हजार नौ सय पाँच कित्ता शेयर ६० हजार सात सय २० पटक खरिदबिक्री हुँदा रु चार अर्ब ५७ करोड ६८ लाख ३१ हजार सात सय २० बराबरको कारोबार भएको छ ।

सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन तीन दशमलव ३०, व्यापार तीन दशमलव १२ र बैंकिङ तीन दशमलव ०३ प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैंक दुई दशमलव ०१, वित्त दुई दशमलव ११, होटल तथा पर्यटन एक दशमलव ०९, जलविद्युत् एक दशमलव ८०, लगानी दशमलव ३१ र जीवन बीमा दुई दशमलव १७ प्रतिशतले बढेको छ । लघुवित्त एक दशमलव ४५, म्युचुअल फण्ड शून्य दशमलव ३६, निर्जीवन बीमा दुई दशमलव ४३ र अन्य समूह एक दशमलव ७३ प्रतिशतले बढेको छ ।

सबैभन्दा धेरै हिमालयन डिस्टलरी लिमिटेडको शेयर मूल्य आठ दशमलव ५४ र समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ९६ प्रतिशतले बढेको छ । शेयर मूल्य घट्नेमा भने सबैभन्दा धेरै उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको छ दशमलव ४६ र हिमालयन ऊर्जा विकास कम्पनीको छ दशमलव २१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको रु १२ करोड ३३ लाख ८५ हजार पाँच सय ६९ र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको प्रमोटर शेयर तीन लाख ६६ हजार पाँच सय कित्ता शेयर किनबेच भएको छ ।

## 'ड्रागन'खेतीबाट आम्दानी गर्दै ढकाल

**कैलाली–** राजनीतिसँगै ड्रागन फल खेतीमा लागेका कैलालीको लम्कीचुहा- १ का गणेश ढकाललाई यति बेला भ्याइनभ्याइ छ । राजनीतिकसँगै उत्पादनसहितको आयआर्जनमा जोडिनुपर्छ भनेर उनले तीन वर्षअघि विसं २०७८ देखि ड्रागन फल खेती सुरु गरेका थिए ।

यस क्षेत्रमा धेरैलाई ड्रागनखेती गर्नुपर्छ भन्ने थाहा थिएन तर विभिन्न माध्यमबाट उक्त खेतीबारे जानकारी पाएका ढकालले तीन वर्षअघि रु सात लाख लगानी गरेर व्यवसाय सुरु गरेका थिए । उनले दाङ र बाँकेबाट आठ सय बिरुवा ल्याएर खेती सुरु गरेको बताए । ती बिरूवाले यतिखेर प्रशस्त उत्पादन दिइरहेका छन् ।

'भूमिपुत्र कृषि तथा पशुपक्षी फर्म ड्रागन पार्क' नामक फार्म स्थापना गरेर ड्रागनको खेती सुरू गरेका ढकालले एक वर्षमै फल र बिरूवा बेचेर मनग्य आम्दानी भइरहेको बताए । उनको फार्ममा 'मलेसियन रेड' प्रजाति (रातो फल) को ड्रागन लटरम्मै फलेको छ । साथै यो वर्षदेखि उनले 'हाईब्रेड सि' रेड प्रजाति (रातो फल) को ड्रागन फलसमेत लगाएको जानकारी दिए । 'यस क्षेत्रमा कसैले पनि ड्रागन खेती गरेका थिएनन् तर माग भने बढ्दो थियो, त्यसै कारण तीन वर्ष अगाडि व्यवसाय सुरुआत गरेँ । पहिलोपटक खेती गर्न लागेकाले सफल होला वा नहोला भन्ने अन्योल र चिन्ता थियो तर अहिले राम्रो आम्दानी दिइरहेको छ, यति छिटो आम्दानी देला भन्ने सोचैकै थिइन', ढकालले भने ।

विसं २०४७ सालदेखि विद्यार्थी राजनीतिमा लागेको बताउने ढकाल १० बर्से जनयुद्धमा समेत सामेल भए । उनी विप्लव सी नेतृत्वको नेपाल कम्प्युनिष्ट पार्टीमा आवद्ध छन् ।रासस पार्टी कामकै सीलसीलामा देशका विभिन्न भागमा जानेक्रममा दाङ र बाँकेमा गरिएको ड्रागन फल खेतीबाट सामान्य जानकारी पाएपछि आफैँले खेती सुरु गरेको ढकालले बताए । *रासस*

तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. DOCUMENTATION-2 (F)

नोटः should be Bachelor running/Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः २0000-३0000/-

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-5900437, 9851144106
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

**हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध

यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ